# परिच्छेद एक
# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **'दाङ जिल्लाको देउखुरी क्षेत्रमा प्रचलित थारु भाषाको गाउँखाने कथाको अध्ययन'** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्रको प्रयोजन त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली शिक्षण विभागको स्नातकोत्तर तहको दोस्रो वर्षको दसौं पत्रको प्रयोजनको लागि तयार गरिएको हो ।

## १.३ विषय परिचय

गाउँखाने कथा मानव सभ्यताको विकाससँगसँगै आरम्भ भएको पाइन्छ । गाउँखाने कथा मनोरञ्जन तथा बौद्धिक कुशलतामा सलबलाएको लोक जीवनको सांस्कृतिक प्रतिबिम्ब हो । दाङ जिल्लामा अन्य जिल्लाहरूमा झैं गाउँखाने कथा भन्ने, सुन्ने, सुनाउने गरिन्छ । यो प्रश्नोत्तरात्मक रूपमा हुन्छ । फुर्सदको समयमा मनोरञ्जन गर्ने, बुद्धि तिखार्ने र बसिबियाँलो गर्ने सामाग्रीका रूपमा गाउँखाने कथा प्रचलित छन् । जीवनका अनुभूतिलाई अभिव्यक्त गर्ने र खेल्ने आदि क्रियाकलापसँग यहाँका गाउँखाने कथाहरू सम्बन्धित छन् । सामाजिक, सांस्कृतिक र आर्थिक स्थितिको ऐना यसमा प्रस्तुत भएको हुन्छ । यसरी लोक जीवनको सपना र बिपनाको सानो प्रतीकात्मक अभिव्यक्ति यिनीहरूले दिन्छन् ।

| जस्तै :- थारु भाषामा | नेपाली भाषामा |
|---|---|
| १. तोहार बाबक भित्तर नाक जानो का हो ?<br>उत्तर - डोंडिया<br>२. डाई झुरल रना छाई नेङ्गना जानो का हो ?<br>उत्तर - ताला/कुँजी<br>३. आँखहे मौज बतिस कानक भरुवा जानो का हो ?<br>उत्तर - चस्मा<br>४. अप्ने कट्ना अपने रोइना जानो का हो ?<br>उत्तर - पियाज<br>५. छुटुनुक बाबु पुछीले पानी पिटी ऐयाऐया करी जानो का हो ?<br>उत्तर - दिया | १. तिम्रो बाउको भित्र नाक के हो ?<br>उत्तर - ढडिया<br>२. आमा टङ्गिरहनु छोरी डुलीरहनु के हो?<br>उत्तर - ताल्चा/चाभी (साँचो)<br>३. आँखालाई मस्ती छ कानलाई भारी के हो ?<br>उत्तर - चस्मा<br>४. आफै काट्नु आफै रुनु के हो ?<br>उत्तर - प्याज<br>५. सानीसानी नानी पुच्छरले पानी खाँदै ऐयाऐया गरी के हो ?<br>उत्तर - दियो |

## १.४ समस्याकथन

नेपाली लोकसाहित्यमा मात्र नभई लिखित साहित्यको संवृद्धिका लागि समेत गाउँखाने कथा आधारस्तम्भका रूपमा रहेको छ । नेपानी लोक जीवनका विभिन्न कुराहरूको प्रस्तुति पाइने गाउँखाने कथा लोक सभ्यताको परिचायक हो ।

दाङ जिल्लामा यस्ता गाउँखाने कथाहरू प्रश्नोत्तरात्मक रूपमा भनिने र सुनिने प्रचलन पाइन्छ तर गाउँखाने कथाका बारेमा हालसम्म विशेष अध्ययन भएको पाइँदैन । त्यसैले प्रस्तुत शोधपत्रको मूल समस्या भनेको गाउँखाने कथाको अध्ययन

यस भन्दा पूर्व नपाइनु नै हो । त्यसैले त्यसलाई ख्याल गर्दै निम्नलिखित समस्याहरूमा केन्द्रित रही प्रस्तुत अध्ययन सम्पन्न गरिएको छ ।

(क) दाङ जिल्लाको देउखुरी क्षेत्रका थारु भाषामा के कस्ता गाउँखाने कथाहरू प्रचलित रहेका छन् ?

(ख) यहाँका गाउँखाने कथाहरूलाई कति भागमा वर्गीकरण गर्न सकिन्छ ?

(ग) यहाँका गाउँखाने कथाहरूलाई कसरी विश्लेषण गर्न सकिन्छ ?

## १.५ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधपत्रका उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

(क) दाङ जिल्लाको देउखुरी क्षेत्रका थारु भाषामा प्रचलित गाउँखाने कथाहरूको सङ्कलन गर्नु ।

(ख) सङ्कलित गाउँखाने कथाहरूलाई वर्गीकरण गर्नु ।

(ग) सङ्कलित गाउँखाने कथाहरूको विश्लेषण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

लोकसाहित्यका विभिन्न विधाहरूको सङ्कलन वर्गीकरण र विश्लेषण विभिन्न विद्वानहरूद्वारा गरिएको पाइन्छ । यसो भए तापनि विशेष गरी दाङ जिल्लाको देउखुरी क्षेत्रमा प्रचलित गाउँखाने कथाहरूको छुट्टै सङ्कलन वर्गीकरण एवम् विश्लेषण भएको भने पाइदैन । नेपाली लोक साहित्यको समष्टि अध्ययनका क्रममा भने दाङ जिल्लाको देउखुरी क्षेत्रमा प्रचलित केही गाउँखाने कथाहरूलाई पनि समेटिएको पाइन्छ ।

(क) कृष्णप्रसाद पराजुली "नेपाली उखान र गाउँखाने कथा" २०३९ मा अधिराज्य भरका गाउँखाने कथाहरू सङ्कलन गर्ने क्रममा देउखुरी क्षेत्रमा प्रचलित थारु जातिका गाउँखाने कथाहरू समेटिएका भए पनि तिनको वर्गीकरण एवम् विश्लेषण भने गरिएको छैन ।

(ख) धर्मराज थापा र हंसपुरे सुवेदी "नेपाली लोकसाहित्यको विवेचना" २०४१ मा लोकसाहित्यको चर्चा गर्ने क्रममा देउखुरी क्षेत्रमा प्रचलित थारु जातिका गाउँखाने

कथाहरू समावेश गरिएको भए पनि समग्र गाउँखाने कथाहरूलाई समेटन सकेका छैनन् ।

(ग) जीवेन्द्रदेव गिरी "लोकसाहित्यको अवलोकन" २०५० मा लोकसाहित्यको चर्चा गरिएको भएपनि दाङ जिल्ला अन्तर्गत देउखुरी क्षेत्रमा प्रचलित गाउँखाने कथाहरूको चर्चा गरिएको पाइदैन ।

(घ) देवदत्त भट्ट "गाउँखाने कथाको अध्ययन" २०५५ मा गाउँखाने कथाको सैद्धान्तिक परिचय दिई अधिराज्य भरिका गाउँखाने कथा सङ्कलन गरेका छन् । सङ्कलनका क्रममा दाङ जिल्ला अन्तर्गत देउखुरी क्षेत्रका आदि बासिन्दा थारु जातिमा प्रचलित गाउँखाने कथाहरू पनि सङ्कलित छन् तर समग्रमा गाउँखाने कथाहरू सङ्कलित गरिएका छैनन् ।

(ङ) गोविन्द आचार्य "राप्ती लोकसाहित्य" २०६४ मा राप्ती अञ्चलमा प्रचलित केही गाउँखाने कथाहरू सङ्कलन गरेका छन् । त्यसमा दाङ जिल्ला अन्तर्गत देउखुरी क्षेत्रका थारु जातिका गाउँखाने कथाहरू सङ्कलन गरिएका छन् तर समग्र गाउँखाने कथाहरूको सङ्कलन वर्गीकरण र विश्लेषण भने त्यसमा गरिएको छैन् ।

(च) चूडामणि बन्धु "नेपाली लोकसाहित्य" २०५८ मा लोक साहित्यिक चर्चा गर्ने क्रममा दाङ जिल्ला अन्तर्गत देउखुरी क्षेत्रमा प्रचलित थारु भाषाको गाउँखाने कथा समेटिएता पनि स्थानगत आधारमा गाउँखाने कथालाई चिनाउने काम भएको छैन् ।

(छ) बालकृष्ण सुवेदी "हाम्रो संस्कृति" मा राप्ती अञ्चलका केही प्रसिद्ध टुक्काहरू मात्र समेटिएको छ तर गाउँखाने कथाहरलाई समेट्न सकेको छैन् ।

## १.७ शोधकार्यको औचित्य

दाङ जिल्लाको देउखुरी क्षेत्रमा छरिएर रहेका ग्रामीण जनजिव्रोमा मात्र सीमित थारु गाउँखाने कथाहरूलाई सङ्कलन गरी तिनीहरूको वर्गीकरण एवम् विश्लेषण गर्नु यस शोधपत्रको औचित्य रहेको छ । गाउँखाने कथा खिरीलो हुन्छ । यो निकै बौद्धिक र गुढ रहस्यात्मक हुन्छ । पहिले अपठित समुदायले साँझपख जाडोयाममा अगेनाको डिलमा र गर्मीयाममा आँगनीमा खटियामा बसी शीतलतामा रम्दै बसिबियाँलो र

रमाइलो गर्ने क्रममा एकले अर्कालाई भ्याँगा थाप्ने क्रममा प्रश्नोत्तरात्मक शैलीमा यो कथा भन्ने, सुन्ने र सुनाउने गरिन्थ्यो तर अहिलेका नयाँ पिंढीका युवावर्गहरूले गाउँखाने कथाको धेरै वास्ता नगर्नाले लोप हुँदै गइरहेको छ । यसरी लोप हुन लागेका लोक साहित्यको संरक्षण र सम्बर्द्धन गर्न थारु गाउँखाने कथाको विशेष अध्ययन गर्नु नै यस शोध पत्रको औचित्य हो ।

## १.८ शोधकार्यको सीमाङ्कन

गाउँखाने कथा लोकमानसको ढुकढुकी हो । त्यसैले यसको सीमाङ्कन गर्नु कठिन कार्य रहे तापनि विशेष अध्ययन र अनुसन्धानका लागि निश्चित क्षेत्र तोकिएमा मात्र राम्रोसँग अध्ययन गर्न सकिन्छ । दाङ जिल्ला अन्तर्गत देउखुरीमा केन्द्रित भएर गाउँखाने कथाहरूको सङ्कलन गरिएको छ ।

## १.९ सामग्री सङ्कलन र शोधविधि

यस शोधपत्र तयार गर्नका निम्ति आवश्यक सामग्री सङ्कलनका क्रममा सर्वमान्य विधिहरूको अवलम्बन गरिएको छ । दाङ जिल्लाअन्तर्गत देउखुरीका गा.वि.स. हरूमा घुमेर त्यहाँ प्रचलित थारु गाउँखाने कथाहरू भन्न लगाई लेख्ने र रेकर्ड गर्ने काम गरिएको छ । सम्बन्धित ठाउँका बुढाबुढी, युवायुवती, साक्षरनिरक्षर र बालबालिका सबैसँग भेट गरी सोध खोज गरिएको छ । गाउँखाने कथाका मान्यतालाई स्थापित र सैद्धान्तिक अध्ययनका लागि पुस्तकालयीय विधिको प्रयोग गर्दै वर्णानात्मक, ब्याख्यात्मक एवम् विश्लेषणात्मक विधिसमेत प्रयोगमा ल्याइएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नलिखित मूल शीर्षक र आवश्यकताअनुसार उपशीर्षकमा र विभिन्न अध्यायमा समेत राखी अध्ययन र विश्लेषण गरिएको छ ।

(क) पहिलो परिच्छेद – शोध प्रस्ताव

(ख) दोस्रो परिच्छेद – दाङ देउखुरीको संक्षिप्त परिचय र लोकसाहित्यिक अवस्था

(ग) तेस्रो परिच्छेद – गाउँखाने कथाको सैद्धान्तिक परिचय

(घ) चौथो परिच्छेद – देउखुरी क्षेत्रमा प्रचलित थारु गाउँखाने कथाहरूको वर्गीकरण एवम्  विश्लेषण

ङ) पाँचौ परिच्छेद – उपसंहार

– सन्दर्भग्रन्थसूची

– परिशिष्टाङ्क

# परिच्छेद दुई

# दाङ देउखुरीको परिचय र लोकसाहित्यको अवस्था

## २.१ नामाकरण

दाङ जिल्लाको परिचय दिने क्रममा यसको नामाकरणको बारेमा (विषय) चर्चा गर्नु प्रासङ्गिक हुन्छ । नेपालका अन्य जिल्लाहरुको नाम प्रसिद्ध तिर्थस्थल नदीनाला, पौराणिक ऐतिहासिक घटना जनजाति र जातीय विशेषता आदिसँग जोडेर राखिएको पाइन्छ । अतः दाङ जिल्लाको नामाकरणको बारेमा पनि यस्तै थुप्रै भनाइ र किंवदन्तीहरु प्रचलित छन् । ती भनाइहरु यी हुन् । [1]

भाषाको दृष्टिकोणवाट पनि यस उपत्यकाको नाम जोडिएको प्रसङ्ग पाइन्छ । संस्कृत भाषाको “पुरवाचक” शब्द ”द्रङ” बाट दाङ बनेको तथा दुई पहाडको बीचको मैदानी भागलाई बुझाउने “द्रोण” शब्दबाट दाङ बनेको पनि हुन सक्छ ।[2]

त्यस्तैगरी ”द्राङ्ग” शब्द लिच्छविकालीन नेपाली अभिलेखहरुमा पनि प्रयोग भएको पाइन्छ । ग्राम र अल्प विकसित बस्तीलाई ”द्राङ्ग” भनिन्छ ।[3]

पहाडका बीचको मैदानी भागलाई दाङ शब्दले बुझाउने भएकोले दाङसिंह, दाङमई, दाङवाङ, दाङभन्सार, दाङचुली, दाङचोर, उपरदाङगढी आदि नाम प्रचलित भएको देखिन्छ ।[4]

महात्मा बुद्धका जीवन चरित्रमा जेतवन (श्रावस्ती) वर्तमान बहराइजमा द्रोणबस्तका लागि  व्राह्मणको बुद्धसित वादविवाद भएको कुरा आउँछ । द्रोण वस्तु भन्ने स्थान अन्त नभेटिएकाले कपिलवस्तु र श्रावस्तीका बीच उत्तर दाङ नै द्रोणबस्तु हो भन्ने धेरै भनाइ छ ।[5]

---

१. हाम्रो दाङ- हाम्रो तस्विर- स्मारिका (दाङ विद्यार्थी समिति विश्वविद्यालय क्याम्पस, त्रि.वि., कीर्तिपुर, २०६३) पृ. १ ।

२. ऐजन्, पृ. १.

३. ऐजन्, पृ. १

४. टेकनाथ गौतम, राप्ती अञ्चलको इतिहास तथा केही संस्मरण (वाराणसी : शारद संस्थान १९९८) पृ.५६-५७

५. ऐजन्, पृ. ५७-५८ ।

दाङदेखि दक्षिणको पहाड द्रोणद्रि दुन्दुवाडुडुवा भनिन्छ । दाङको पूर्वरूप द्रोणलाई मान्दा मात्र दक्षिणका पहाडको द्रोणाद्रि नाम सार्थक हुन्छ ।[६]

दाङ उपत्यकाको सुकौरा खोला क्षेत्रमा बसोबास गर्ने थारु जातिका राजा दङ्गीशरणले यहाँको विकट वनजङ्गलको फाडानी गरी मानव बस्ती बसाएकोले उनकै नाममा सो बस्ती वा राज्यको नाम राखिएको मानिन्छ । यही ठाउँको आधारमा जिल्लाको नामकरण गरिएको हो भन्ने मान्यता छ । यही भनाइ नै उपयुक्त देखिन्छ ।[७]

## २.२ ऐतिहासिक पृष्ठभूमि

नेपाल अधिराज्यको मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने राप्ती अञ्चल ऐतिहासिक, धार्मिक र साँस्कृतिक दृष्टिले महत्वपूर्ण मानिदै आएको छ । प्रशासनिक विभाजनअनुसार यस अञ्चलमा ५ वटा जिल्लाहरु पर्दछन् । ती ५जिल्लाहरु मध्ये दाङ एउटा भित्री मधेशमा पर्ने जिल्ला हो । यसको आकार झण्डै नेपाल अधिराज्यकै आकारसँग मिल्दो जुल्दो छ ।

नेपालको इतिहासको सन्दर्भमा दाङ जिल्लाको इतिहासको आफ्नै महत्व छ । अहिले सल्यान जिल्लामा रहेको फालाबाङ मध्यकालमा दाङ जिल्लाको क्षेत्र थियो । यस जिल्लाको इतिहास प्राग - ऐतिहासिक कालदेखि नै सुरु भएको देखिन्छ ।[८]

पश्चिम - दक्षिणबाट यहाँ आइ पहिले बसोबास गर्ने जाति थारु हुन् । थारूपछि अन्य जातजातिका बासिन्दाहरुले यहाँ वसोबास गरेको बुझिन्छ । अघिदेखि दाङको उत्तरी भाग पहाडी राजाहरुको अधीनमा थियो भने दक्षिणको मैदानी भाग थारु राजाहरुको अधीनमा थियो । विक्रमको १४ औं शताब्दीको आखिरीतिर यो जिल्ला ( सिंजा) को अधीनमा थियो । वि.स. १४८० तिर सवारी कोटका राजा रतन पाण्डेले थारु राज्यलाई आफ्नो राज्यमा मिलाएर रत्न परीक्षित नामले दाङका राजा भए ।

केही समयपछि यिनले बझाङबाट राजकुमार झिकाई आफ्ना ठाउँमा राजा बनाएर आफुले नाथ सम्प्रदायको दीक्षा लिई त्यसको प्रचारमा पश्चिमोत्तर भारततिर लागे ।

---

६. ऐजन्, पृ. ५६-५७ ।

७. हाम्रो दाङ- हाम्रो तस्विर, २०६२, पृ. १ ।

रतननाथले छाड्दा दाङ राज्यको बिस्तार शिव राजा इलाकाको पश्चिम राप्तीको तुल्सीपुर भनिने इलाका पनि थियो । नेपालको एकीकरणको बेला सम्बत् १८४३ मा दाङका राजा नवलसिंह तापाले लडाइँमा वीरगति प्राप्त गरे पछि उनका छोरा दिलेर सिंहले पूरा दाङको रक्षा गर्न सकेनन् । उनले आफ्नो आधा राज्य तुल्सीपुरको तराई मात्र बचाइ त्यहाँको मात्र राजा भई बसे । गार्खालीले जितेको दाङ देउखुरी पछि पृथ्वीनारायण शाहकी छोरी सल्यानकी युवराजीलाई विर्ता स्वरूप दिए । वि.स. १८६५ मा सल्यानको राज्यमा मिल्दा दाङ पनि एकीकृत नेपालमा मिल्यो । वि.स. १८२४ सालमा दरवारको कुनै राजकुमारीको विवाह गरिदिंदा सल्यानकी राजवंशज तेजबहादुर शाहलाई राजपद र पश्चिमी दाङ खण्डित भयो ।[९]

नेपाल एकीकरण पश्चात् दाङ सल्यान गौडाका मातहतमा थियो । वि.स. १९३८ सालमा दाङको मैदानी भागलाई तौलिहवा गोश्वारा, वि.स. १९९६ सालमा भैरहवा गोश्वाराका र वि.स. २००३ सालमा नेपालगञ्ज गोश्वाराका मातहतमा राखिएको थियो । वि.स. २००७ सालसम्म यहाँ माल अदालत, हुलाक र प्रहरी निरीक्षक कार्यलय मात्र थिए । वि.स. २००८ साल जेष्ठ ३ गतेदेखि छुट्टै जिल्ला मानियो र यहाँ बडाहाकिम रहन थाले । वि.स. २०१७ सालमा राप्ती अञ्चलको सदरमुकाम दाङ भएपछि यहाँ अञ्चलाधीश रहन थाले ।[१०] पञ्चायती व्यवस्थाको अन्तयसम्म यहाँ अञ्चलाधीस कार्यलय कायम थियो ।

फालावाङ राज्य वि.स. २०१८ सालमा उन्मुलन भएपछि दाङको पश्चिमी भागमा र अघि -देखि सल्यानतर्फ रहेको दाङको उत्तरी पानी ढाली वि.स. २०३० सालतिर दाङमा मिलेपछि आजको अवस्था कायम रहयो ।[११]

---

८. श्री ५ को सरकार सञ्चार मन्त्रालय, मेचीदेखि महाकाली भाग ४ (काठमाडौं सूचना विभाग, २०३१) पृ. २४० ।

९. दाङको बस्तुतग विवरण (दाङ, जि.वि.स. २०५५/२०५६) २-३

१०. दाङको वस्तुगत विवरण, पूर्ववत, पृ २-३

११. ऐजन्, पृ २-३

## २.३ भौगोलिक तथा प्राकृतिक अवस्था

दाङ जिल्ला नेपाल अधिराज्यको मध्यपश्चिम विकास क्षेत्रअन्तर्गत पर्ने राप्ती अञ्चलका ५ जिल्ला सबैभन्दा उर्वरा भूमि तथा प्रचुर मात्रामा खाद्यान्न उत्पादन हुने पहाड र भित्री मधेश मिलेर बनेको जिल्ला हो, जसमा दाङ र देउखुरी दुई उपत्यकाको सङ्गम रहेको छ । भौगोलिक बनावटको आधारमा दाङ जिल्लालाई मोटामोटी ३ भागमा विभाजन गर्न सकिन्छ ।

१. पहाडी प्रदेश

२. चुरे प्रदेश

३. भित्री मधेश [१२]

भौगोलिक तथा प्राकृतिक अवस्था - दाङ र देउखुरी गरी दुई ठूला उपत्यकाहरु मिली बनेको यस जिल्लाको कुल क्षेत्रफल २९.५५ वर्ग कि.मि. छ । पूर्व पश्चिम लम्बाइ ९० कि.मि. र उत्तर दक्षिण चौडाइ ७२ कि.मि. भएको दाङ देउखुरीको माझमा पूर्व पश्चिम लम्बिएर बसेको "डुडुवा"शैलश्रृङखला छ । [१३] यसले (द्रोणदी ) यो भू-भागलाई बाँडिदिएको छ ।

यस जिल्लाको पूर्वमा प्यूठान अर्घाखाँची तथा कपिलवस्तु पश्चिममा बाँके एवम् सुर्खेत उत्तरमा सल्यान, रोल्पा तथा प्यूठान जिल्लाका केही भागहरु र दक्षिणमा छिमेकी राष्ट्र भारतको उत्तर  प्रदेश पर्दछ । [१४] यो जिल्ला ८२०.०२० देखि ८०० - ५ पूर्व देशान्तर तथा २७०.३६० देखि २८०.२९ उत्तरी अक्षांशमा फैलिएको छ ।

---

१२. कृषि विकास कार्यक्रम र उपलब्धि (दाङ जिल्ला कृषि विकास कार्यलय, २०५५/०५६) पृ. १

१३. मेघराज उपाध्याय न्यौपाने, दाङ देउखुरीको भूगोल (ने.सं.वि.वि. दाङ : २०२७) पृ. २५

१४. आनन्दकुमार लामिछाने "दाङ जिल्लामा प्रचलित नेपाली लोककथाहरुको संकलन, वर्गीकरण एवम् विश्लेषण त्रि.वि. नेपाली विभागमा प्रस्तुत स्नातकोत्तर (शोध पत्र, २०६५) पृ. ९ ।

यस जिल्लाको भू-भाग समुद्र सतहबाट २१३ मिटरदेखि २०५८ मिटरसम्मको उचाइमा अबस्थित छ । उचाइको दृष्टिकोणले समुद्र सतहबाट १२२७ मिटरदेखि २०५८ मिटरसम्म फैलिएको भू-भागलाई चुरेडाँडा भनिन्छ। समुद्र सतहबाट २१३ देखि २४४ मिटरसम्मको उचाइमा अवस्थित देउखुरी उपत्यका र ६१७ मिटर उचाइ सम्मको दाङ उपत्यका पूर्व-पश्चिम भई फैलिएको छ।

सबभन्दा बढी उचाइमा रहेको स्थान हाँसीपुर गा.वि.स. को उर्वरले (२०५८) हो भने सबै भन्दा कम उचाइमा अबस्थित स्थान सिसहानिया गा.वि.स.को भगवानपुर (२१३ मि.) हो। उपत्यका भएकाले यस जिल्लालाई चारैतिरबाट ठूलासाना पहाड तथा डाँडाले घेरेको र बीचमा फाँट रहेको छ। यस पहाडी शृङ्खलाले प्राकृतिक किल्लाको काम गरेको छ । यस जिल्लाको सदरमुकाम घोराही हो । यस जिल्लामा प्रजातन्त्र पश्चात् ५ पहाडी गाउँ विकास समिति सहित ३९ गा.वि.स., २ नगरपालिका, १३ इलाका र २ संसदीय निर्वाचन क्षेत्र कायम गरिएका छन्।[१५]

## २.३.१ हावापानी (जलवायु)

मुख्यतः दाङको जलवायु समशीतोष्ण मानिए पनि दाङ उपत्यकामा समशीतोष्ण र देउखुरी उपत्यकामा उष्ण जलवायु पाइन्छ । यहाँ ग्रीष्ममा अधिकतम् ४०° सेल्सीयस र न्यूनतम् २५° सेल्सीयस सम्मको रेकर्ड पाइन्छ। यहाँको औसत तापक्रम २६° सेल्सीयस रहन्छ। वार्षिक औसत वर्षा १७०.६ मिलिमिटर रहन्छ। कूल वर्षामा ९० प्रतिशत वर्षा ग्रीष्मऋतुमा हुन्छ भने हिउँदमा कहिलेकाही वर्षा हुन्छ।[१६]

---

१५. दाङ जिल्ला एक चिनारी (दाङ, जि वि स. दाङ, २०६१ भाद्र) पृ. ४ ।

१६. हाम्रो दाङ-हाम्र तस्विर (स्मारिका) दाङ विद्यार्थी समिति विश्वविद्यालय क्याम्पस त्रि.वि. कार्तिपुर काठमाडौ २०६२, पृ. ४ ।

### २.३.२ नदीनाला

दाङ जिल्लामा राप्ती नदी र बबई नदी गरी मुख्य २ नदी छन् । राप्ती नदीमा महतिनिया, सुपैला, कक्रहवा, गुरुङ, अर्जुन, मसोट, सिंगै, अनर्वा, रणसिङ, करङ्गा, आदि देउखुरी खोलाहरु मिसिन पुग्छन् भने नालिम, सिस्ने, कटुवा, सेवार, गुर्जे, हापुर, पत्रे, चौवा, ग्वार, काला रानीघाट, बराही, संग्लाभ भमके, गहते, बौलाहा, वागन, चीरागार तुई आदि दाङका खोलाहरु बबई नदीमा मिसिन पुग्दछन् । [१७]

### २.३.३ झरना र दहहरु

बाह्रकुनेतहल, जखेराताल, पर्सेनीताल, गौरीताल यहाँका मुख्य ताल हुन् भने ज्यामिरेदह चरिङगेदह भोरेदछ, किचेनीदह, लप्तकुण्ड, तपकुण्ड आदि दाङका मुख्य दह हुन् ।[१८] पुरन्धारा गा.वि.स. ८ स्थित पुरन्धारा झरना दाङको मुख्य झरनाको रूपमा परिचित छ । [१९]

चमेरो गुफा, चन्द्रकोटगुफा, गुप्तेश्वरका दाङका मुख्य गुफा हुन् । हलवार गा.वि.स. ५ मुलकोटको चमेरोगुफा (चमेरोझाँक्री गुफा) नेपालकै सबैभन्दा ठुलो गुफा हो ।[२०]

### २.३.४ खनिज

महाभारतको पाटाको तोस, सिंगारपानी, सेवार हापुर, ग्वार, सिस्ने, पातुखोला, क्षेत्रमा पाइएका कोइलाखानी सेवार खोलामा पाइएको सलेटखानी नै यहाँका खनिज हुन् । यहाँको कोइलाखानी निकै फस्टाउँदो रूपमा रहेको छ । दाङमा कोइला प्रशोधन विकास केन्द्रको रूपमा विकास गर्न सके यहाँको कोइलाले थप बजार पाउनुको साथै कोइलाखानीका दृष्टिले दाङ नेपालकै एक चर्चित जिल्लाका रूपमा चिनिन सक्ने सम्भावना छ । [२१]

---

१७. हाम्रो दाङ हाम्रो तस्विर (स्मारिका) पूर्ववत् पृ. ४ ।

१८. हाम्रो दाङ हाम्रो तस्विर पूर्ववत् पृ ४ ।

१९. ऐजन् पृ. ४ ।

२०. ऐजन् पृ ४ ।

२१. ऐजन् पृ. १० ।

## २.४ सामाजिक र सांस्कृतिक अवस्था

दाङ जिल्लामा जातीय विविधता अनुरूप भाषिक विविधता पनि रहेको छ । बहुसङ्ख्यक मानिसहरु नेपाली भाषा नै बोल्दछन् । लेखाइमा सबै जातिहरु देवनागरी लिपिमा नेपाली भाषा नै प्रयोग गर्दछन् । साथै अन्य विभिन्न भाषिका पनि बोल्दछन् । थारु समुदायमा थारु, मगर समुदायमा मगर र नेवार समुदायमा नेवार भाषा बोले जस्तै हिन्दी, उर्दू, मैथिली, अवधी भाषाहरु तत् तत् समुदायमा बोलिन्छन् । यहाँ हिन्दू बौद्ध धर्म मान्नेहरुका साथै छिटफुट रूपमा इस्लाम धर्म मान्नेहरु पनि छन् । यहाँका धार्मिक तथा सांस्कृतिक स्थलहरुमा रामजानकी मन्दिर, कोइलावास, अम्बिकेश्वरी मन्दिर अम्बापुर, गोरक्षनाथ मन्दिर चौधेरा, धारपानी शिवजीको मन्दिर, गढी टाकुरा मन्दिर हापुर सुनपुर, बगारबाबा मन्दिर रिहार र बाह्रकुने बराह मन्दिर सेवार पर्दछन् ।

दाङ जिल्लामा विभिन्न जातजातिहरुले बसोबास गरेकाले यहाँ जातीय विविधता पाइन्छ । बहुसङ्ख्यक मात्रामा थारु जातिका अतिरिक्त बाहुन, क्षेत्री, मगर, नेवार, कामी, दमाई, योगी, पुरी, भारती, सार्की, बादी, गुप्ता, मुसलमान, यादव र अन्य केही जातका मानिसहरु यहाँ बसोबास गर्दछन् । [२२]

यहाँ बस्ने सबैले आ-आफ्नो जातजातिअनुसार जन्म, छैटी, नामकरण, पास्नी, विवाह, मृत्यु आदि संस्कारमा आ-आफ्नो संस्कार तथा रीतिरिवाजअनुसार सामाजिक कार्य गर्दछन् । यहाँका मानिसहरुले भू-बनोट र हावापानीअनुरूप वेषभुषा लगाउने गरेको पाइन्छ । खानपीनमा गहुँ, मकै, जौ, पिडालु, आलु, सिमी, बोडी आदिबाट तयार हुने खानाका परिकारहरु र यहाँ सागसब्जी खाने गरिन्छ ।

दाङ जिल्लाको सामाजिक र सांस्कृतिक परम्परालाई हेर्दा यसको आफ्नो छुट्टै बैशिष्ट्य छ । विभिन्नताले गर्दा यहाँको संस्कृतिमा पनि पृथकता पाइन्छ । जस्तो : थारु जातिले माघी, बड्का आइतवारी, अष्टिम्की, देवारी आदि जस्ता चाडपर्वहरु मान्दछन् भने बाहुन क्षेत्रीले दशै, तिहार, तिज, शिवरात्री, कृष्णअष्टमी आदि मान्दछन् ।

---

२२. हाम्रो दाङ हाम्रो तस्विर, पूर्ववत्, पृ. १० ।

त्यसैगरी नेवारले गाइजात्रा आदि मान्दछन् । त्यसैगरी लोकगीत, दोहोरीगीत, गाइनाका साथै बाासुरी, मादल, मुजुरा, हार्मोनियम, सारङ्गी आदि जस्ता विभिन्न बाजाहरु पनि बजाइन्छन् । रमाइलो मनोरञ्जनका लागि विभिन्न किसिमका मेला-जात्राहरु पनि हुने गर्दछन् । जस्तो बाह्रकुने मेला, पिरफरे मेला, रिहार मेला, टिकरी मेला आदि ।

## २.५ शैक्षिक अवस्था

दाङ शैक्षिक दृष्टिले ऐतिहासिक र महत्वपूर्ण जिल्लाको रूपमा देखा पर्छ । यहाँ बेलझुण्डीमा एउटा सँस्कृत विधालयमा विश्वविद्यालय विद्यापीठ र महेन्द्र संस्कृत विद्यापीठ बिजौरी गरी दुईवटा विधापीठ, त्रिभुवन विश्वविद्यालय अन्तरगत ६ वटा क्याम्पसहरु, उच्च माध्यमिक विद्यालय १६ वटा प्रविधिक शिक्षालयहरु ५ वटा र अन्य थुप्रै प्रा.वि.नि.मा.वि.का विद्यालयहरु, अनौपचारिक शिक्षा कार्यक्रमहरु सञ्चालित हुनुका साथै गुरुकुल परमपराका आश्रमहरु पनि सञ्चालित छन् ।

## २.६ लोकसाहित्यको अवस्था

लोकसाहित्यको दृष्टिले मध्यपश्चिमाञ्चल विकास क्षेत्रको राप्ती अञ्चलमा पर्ने दाङ जिल्ला निकै सम्पन्न छ । यहाँको लोकजीवनमा प्रचलित संस्कृति र समाजिक रहनसहन विभिन्न संस्कार र चाडपर्वहरु तथा मानवीय सुख, दु:ख र हाँसो-आँसु एवम् हर्ष र पीडाका अनुभुतिहरुले भावुक बनाउँदा मान्छेहरु आफ्ना अर्न्तमनका अभिव्यक्तिहरुलाई व्यक्त गरेर मन बहलाउने काम गर्दछन् । बालबालिका, युवायुवती र बुढाबुढीहरु समेत समय-समयमा लोकगीत, लोकगाथा, लोककथा, लोकनाटक, उखान-टुक्का र गाउँखाने कथाद्वारा मनोरञ्जन गर्दै सामाजिक कुरीति र विसङ्गतिहरूप्रति ब्यङ्ग्य प्रहार गर्न सफल देखिन्छन् । दाङ जिल्ला लोकसाहित्यमा त्यहाँको जन-जीवनलाई आत्मसात गरिएको छ ।

लोक-साहित्यले यहाँको दु:ख, हर्ष, विस्मात, व्यथा, चिन्तन र चेतनालाई अभिव्यक्त गरेको छ । विकटतामा अल्झिएको त्यहाँको जनजीवनको दारुण कहानी लोकसाहित्यका माध्यमबाट व्यक्त भएको छ ।

यस जिल्लाका अधिकांश मानिसहरु काम र मामको खोजीमा गरिबी र बेरोजगारीले सीमा  नाघेपछि बाध्यतावश विदेशका विभिन्न ठाउँमा कामको खोजीमा जान बाध्य भएका छन् । त्यसैले यहाँको जनजीवनमा भैरहेको थिचोमिचो र शोषण तथा दु:ख र पीडाका मार्मिक कहानी लोकसाहित्यमा पाइन्छन् । जातीय भेदभाव र साहुमहाजनको ऋण र त्यसको चर्को व्याजले गर्दा घरखेत गुमाई विदेशी मरुभूमिमा रुमलिरहेका छन् । सिपाही, पाले, मजदुर र पिउन आदिका रूपमा आफ्नो ज्यानलाई अर्पण गरिरहेका छन् ।

### २.६.१ लोकगीत

लोकसाहित्यका विभिन्न अङ्गका रूपमा रहेका विधा उपविधाहरु मध्यको एक प्रमुख अङ्गका रूपमा लोकगीत रहेको छ । दाङ जिल्ला लोकगीतले भरिपूर्ण छ । यहाँ गाइने लोकगीतहरुले जिल्ला कै परिचय दिइरहेका छन् । यी लोकगीतहरु कतिपय अभिधात्मक अर्थमै सीमित छन्  भने कतिपय लाक्षणिक र व्यङ्ग्यात्म अर्थ पनि बोक्न सफल छन् । यहाँ प्रचलित नेपाली लोकगीतका उदाहरणलाई निम्नलिखित रूपमा प्रस्तुत गर्न सकिन्छ ।

तिमी विदेश जाउला
म कसरी पर्खेर बसुँला
नयाँ रेलैमा नजाऊ छोरा विदेश
पढ्ने बेलैमा [२३]
बवई आयो उर्लिएर शारदालाई छेकन्
दाङबाट दौरी आएँ यै मायालाई भेट्न
सिल्कीको अचार, सिन्कीको अचार
बवाईको स्यौठ चल्नु, दाङैको कछार [२४]

---

२३. डा. गोविन्द आचार्य, राप्तीका लोकगीतको अध्ययन (त्रि.वि.मा प्रस्तुत विद्यावरिधि शोधपत्र २०६०) पृ. २६ ।
२४. ऐजन् पृ २६ ।

मजोरको कल्की मजोरको कल्की
लैजान्छु दैया तिम्लाई गैजान्छु ढल्की
दाङको घारी बबई पारी, धान फुली झुलेको
देख्दा खेरी बालासाइलाई मन तेतै भुलेको [२५]

### २.६.२ लोककथा

भित्री मधेशमा पर्ने दाङ शिक्षितभन्दा अशिक्षित मानिसहरु बढी मात्रामा देखिन्छन् । उनीहरु आफ्नो आय-आर्जनगर्न बाध्य हुन्छन् । दिनभरि मानिसहरु आ-आफ्ना काममा व्यस्त रहने हुनाले रातिको समयमा थकाई मेटाउनका लागि फुर्सदको समयमा बच्चादेखि लिएर बृद्धसम्मका मानिसहरुले कथा भनेर आनन्द लिने गर्दछन् । कथाहरुमा मनोरञ्जनका साथै नीतिशिक्षा र धर्मकर्मका कुराहरु, भने अर्कोतर्फ भूतप्रेत, धामीझाक्री, परीकथा, देत्यदानव, कृषि, पशुपंक्षी, राजकुमारराजकुमारीका कथाहरुमा चमत्कारपूर्ण कथाहरु पाइन्छन् । जस्तै :-

"गोनु झा एक पटक लट्ठी मुठार्न लागेको थियो । जाति मुठारे पनि उसलाई चित्त नबुझेकाले मुठार्दा मुठार्दै लट्ठी छोटिएर चार अङ्गुलको भयो रे । भन्नेलाई फूलको माला, सुन्नेलाई सुनको माला यो कथा बैकुण्ठमा जाला भन्ने बेला खुरुखुरु आउला । [२६]

### २.६.३ लोकगाथा

परम्परादेखि लोकले गाउँदै आएको श्रुतिपरपरामा बाँचेको कथासमेत लोककण्ठमा अवस्थित काव्य नै लोकगाथा हो । यो सम्पूर्ण समाज कै साझा धन हो । ऐतिहासिक र सांस्कृतिक अवस्था, सामाजिक जीवनको आर्थिक एवम् धार्मिक स्थिति आदिको समग्र चित्रणका रूपमा लोकगाथाको विशेष महत्व छ । लोकगाथाहरु संस्कारबद्ध छन् । यहाँ दशैमा, मालसिरी गाथा, तीजमा संगिनीगाथा, तिहारमा मारुनीगाथा, धामीझाँक्री बस्दा तान्त्रिक गाथा गाउने चलन छ । उदाहरणका लागि तीजमा संगिनी गाँउदा नारीहरु मन्दिर वा वरपीपलका चौतारीमुनि बसेर यसरी गाउने गर्दछन् ।

---

२५. राष्ट्रीय कलाकार यादव योगी, श्री राप्ती मा.वि. उचानिम्बुबाट प्राप्त ।

२६. प्रा. मोहनराज शर्मा र डा. खगेन्द्र प्रसाद लुइँटेल, पूर्वक्त, पृ ४२८ ।

धिरे चलाउँ भने ससुरा रिसाउने
धमकी चलाउँ भने पैँया बिराउने
रे रपट सारीमा लपट्यो । [२७]

### २.६.४ लोकनाटक

मानव जीवनसँग सम्बद्ध सुख,दुःखलाई अभिव्यक्त गर्ने विधा लोकनाटक हो । दाङ जिल्लामा लोकगीतका तुलनानमा लोकनाटक सम्पन्न विधा नभए पनि विभिन्न दृष्टिले गर्दा यसको महत्वपूर्ण स्थान छ । यहाँ प्रचलित लोकनाटकहरुमा रामलिला, सोरठी, चाँचरी, भारत आदि पर्दछन् । यी नाटकहरुमा ऐतिहासिक, पौराणिक र सामाजिक जीवनको चित्रण पाइन्छ । आमाबाबु, दाजुभाइ, दिदिबहिनी, नातागोता, कुटुम्ब र छरछिमेकसँगको सम्बन्धको चित्रण, विकृति विरोध, सम्पन्नता, विपन्नता र सुख-दुख आदिको चित्रण यिनमा पाइन्छ । लोकनाटकहरु कुनै सम्पन्न मञ्चमा मात्र प्रदर्शन गरिँदैनन् । केही लाउन खान नपाएर बिदेशिने र कोही आफ्नो इच्छाले, विदेशिनु परेको स्थिति पनि लोकनाटकमा पाइन्छ ।

### २.६.५ गाउँखाने कथा

गाउँखाने कथा मनोरञ्जन तथा बौद्धिक कुशलतामा सलवलाएको लोकजीवनको सांस्कृतिक प्रतिबिम्ब हो । दाङ जिल्लामा अन्य जिल्लाहरुमा झैं गाउँखाने कथा भन्ने, सुन्ने, सुनाउने मात्र नगरी कुरा बङ्ग्याएर हुन्छ कि मर्काएर, घुमाएर हुन्छ कि

टेढाएर जसरी भए पनि मानिसलाई रनभूल्ल पार्ने काम गरिन्छ । हाँसी रमाइलोसँगै कुराकानीमा अड्को हाल्ने र फुकाउने चलन मानवसमाजको आदिम स्वाभाव हो । यही घुमाईफिराई बौद्धिक कसरत गरी गाउँखाने कथाको रचना भई त्यो लोक जीवनमा जीवित रहेको छ । फुर्सदको समयमा मनोरञ्जन गर्ने, बुद्धि तिखार्ने र बसिबियालो गर्ने सामग्रीका रूपमा यो प्रचलित छ । सामजिक, साँस्कृतिक र आर्थिक स्थितिको ऐना यसमा प्रस्तुत भएको हुन्छ ।

---

२७. राष्ट्रीय कलाकार यादव योगी, श्री राप्ती मा.वि. उचानिम्बुमा कार्यरत ।

गाउँखाने कथामा यसको नाम अनुसार कथा वा कथानक पाइँदैन । कथाको अत्यन्त सुक्ष्म विन्दु वा पातलो सङ्केत मात्र यहाँ पाइनछ । यो सङ्गतिमय र मनामोहक पनि हुदैन । यसमा बौद्धिक कसरत बढी पर्छ । नसकेमा केही समय अल्मलाइ उत्तर दिइन्छ ।

गाउँखाने कथा विभिन्न भाषा वा भाषिकामा विभिन्न नामले पुकारिएको पाइन्छ । नेपाली भाषामा यसलाई प्रसङ्गवश अड्का हाल्नु झ्याँगा थाप्नु भनिन्छ । नेपालको सुदूरपश्चिमाञ्चल क्षेत्रका कर्णाली र महाकाली अञ्चलतिर क्रमशः साइतर, आईन भनिन्छ । जुम्लातिर यसलाई कर्चारा भनिन्छ । भाषाको क्षेत्रमा पनि विभिन्न नामले पुकारिएको छ । संस्कृत भाषामा प्रहेलिका, जर्मनी भाषामा न्याक्टसेल र जापानी भाषामा नाजो-नाजो, अवधी भाषामा बुझौअल र थारु भाषामा काठा दार्ने, खिस्सा हाल्ने भनिन्छ । यसरी लोकजीवनको सपना र विपनाको सानो प्रतीकात्मक अभिव्यक्ति यिनीहरुले दिन्छन् । जस्तै :-

| | | |
|---|---|---|
| १. | सुन फालेर खाने के हो ? | केरा |
| २. | सोतो ठेकीको हरियो बुजो के हो ? | मूला |
| ३. | रातभरी उठ्ने दिनभरी सुत्ने के हो ? | दाम्लो |

गाउँखाने कथा लोकजीवनको शोभा हो । ज्ञानको अमूल्य ढुकुटी पनि हो । प्रकृति र मानवका विभिन्न पक्षहरु र हामीले जीवनमा भोगेका, देखेका, सुनेका कुराहरुलाई यसले प्रतीकको माध्यमवाट अभिव्यक्त गर्दछ ।

### २.६.६ उखान-टुक्का

अनुभवको सार दिनु र उक्ति बैचित्र्यको प्रस्तुति प्रदान गर्नु उखान-टुक्काको विशेषता हो । दाङ जिल्लाको लोकजीवनमा जिब्राका टुप्पामा झुण्डिएका उखानले समाजको तस्विर चुस्तदुरुस्त पारेर खिचेको छ । उखानले लोकजीवन र लोकसंस्कृतिलाई छर्लङ्ग पारिदिन्छ । यसले सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक र ऐतिहासिक आदि कुराहरु प्रवेश गराइ, सरल, सरस र सहज अनि सजीव र सङ्क्षिप्त

दाङबाट यहाँको जनजीवनलाई ठोस उपलब्धि दिएको पाइन्छ । दाङ जिल्लाका केही प्रचलित उखान टुक्काहरुलाई निम्नलिखित रूपमा उदाहरण स्वरूप प्रस्तुत गर्न सकिन्छ ।

जिउँदाका जन्ती मर्दाका मलामी

जति जोगी आए पनि कानै चिरेका

लाग्या बानी कैँ नजानी ।

## २.७ निष्कर्ष

निष्कर्षमा के भन्न सकिन्छ भने यस जिल्लामा बसोबास गर्ने अधिकांश मानिसहरु कृषि पेसामा संलग्न छन् । त्यसपछि व्यापार र उद्योग धन्दामा लागेर आफ्नो जीवन निर्वाह गरिरहेका छन् । दाङ जिल्लामा विभिन्न जातजातिहरुको बसोबास भएको पाइन्छ । ती जातिहरुले न्यूनधिक मात्रामा एक-अर्काको भाषा एवम् संस्कृति र जीवनपद्धतिलाई प्रभावित परिरहेका छन् । लोकसाहित्यका क्षेत्रमा रत्यौली, तीजेगीत, धार्मिक गीत आदिजस्ता संस्कार गीत आयमूलका जातिहरुमा बढी प्रचलित देखिन्छन् भने झ्याउरे, दोहोरी, भैलो-देउसी आदि गीतहरु सबै जातिका साझा सम्पति बन्न थालेका छन् ।

यसरी दाङ जिल्लाको ऐतिहासिक, भौगोलिक, सांस्कृतिक सेरोफेरोमा नेपाली लोकसाहित्यका विधाहरुले आफ्नै विशेषताका साथ हुर्कने अवसर पाउँदै आएका छन् । यहाँको ऐतिहासिक गरिमालाई आजको दाङ जिल्लाका नेपाली लोकगीतहरुले झल्काइरहेका छन् । यहाँका पशुपंक्षी, जडीबुटी, पहाड-पर्वत, नदीनाला, झरना, कन्दरा, पहारा गाउँ र बेसीहरु दाङका नेपाली लोकसाहित्यका विषयवस्तु बनेका छन् । यी सम्पूर्ण कुराहरुलाई समेटेका लोकसाहित्यका विधाहरु यहाँका भिर पाखा, पखेरा, कन्दरा र पहाडका खोँचहरुमा बाह्रैमास गुन्जिरहन्छन् ।

# परिच्छेद : तीन

# गाउँखाने कथाको सैद्धान्तिक परिचय

## ३.१ लोकसाहित्यको परिचय

लोकसाहित्य लोकजीवनसँग सम्बद्ध साहित्य हो । तसर्थ लोक साहित्यले कुनै पनि राष्ट्रको राष्ट्रियता, रीतिरिवाज, धर्म, संस्कृति आदिलाई प्रतिबिम्बित गर्ने ऐनाको काम गरेको हुन्छ । यसभित्र लोकजीवनको आँसु, हाँसो आदिले ठाउँ पाएको हुन्छ ।

लोक साहित्य शब्द समस्त शब्द हो । यसमा 'लोक' र 'साहित्य' गरी दुईवटा शब्दको योग भएको छ । लोकजीवनको विशिष्ट भावलाई लोक साहित्यले समेट्ने हुनाले त्यसमा कलात्मक हुन्छ । त्यसैले कलात्मक, आकर्षणमय एवम् मीठो अभिव्यक्ति लोकसाहित्य हो[१] भन्ने भनाइ ग्रहणीय छ । लोकसाहित्यको जन्म मानव मुटुको स्पन्दनबाट भएको हुन्छ । तसर्थ लोकसाहित्यलाई लोकजीवनको मुटुको स्पन्दनका रूपमा हेर्न सकिन्छ । यो साहित्यिक विधाका रूपमा रहेर आफ्नै अस्तित्वमा उभिएको हुन्छ । लोकसाहित्यको अस्तित्व खास गरी गाउँ बस्तीका पराले छाप्राहरूमा बसेका र जीवनका उकाली, ओराली दुःख, उल्लास आदिमा मुटुको चोखो अभिव्यक्ति सुनाइरहने जनसमुदायमा बाँचेको हुन्छ ।[२] लोकसाहित्य समाजको बीचमा जन्मिन्छ र त्यहीँ फैलिन्छ । तसर्थ यसमा समाजका विविध पक्षहरू विद्यमान हुन्छन् ।[३]

लोकसाहित्यमा लोकतत्वको प्राधान्य रहेको हुन्छ । यसमा लेखनतत्वका आधारका रूपमा समाजिक विषयवस्तुहरू आएका हुन्छन् । तसर्थ लोक स्तरको विचार व्यवहार, धारण आदिको समष्टि अभिव्यक्तिनै लोकसाहित्य हो भन्नु पर्छ ।[४] यसले परम्परालाई जोगाउने देखि लिएर नीतिशिक्ष सम्बन्धी काममा पनि मद्दत पुऱ्याएको हुन्छ ।

---

१. धर्मराज थापा र हंसपुरे सुवेदी, **नेपाली साहित्यको विवेचना,** (काठमाडौँ : त्रि.वि. पाठ्यक्रम विकास केन्द्र, २०१४), पृष्ठ ३ ।

२. मोहन ठकुरी, **लोकसाहित्यमा एकनिष्ठ एम.एम. गुरुङ, प्रज्ञा** (वर्ष : १८-१९, अङ्क ४-१ पूर्णाङ्क : ७०-७१, २०४७), पृष्ठ ३० ।

३. मोतीलाल पराजुली, **नेपाली लोकगाथा,** (पोखरा : श्रीमती तारादेवी पराजुली, २०४९), पृष्ठ १९ ।

४. ऐजन्, पृष्ठ. ७ ।

लोक साहित्य एक पुस्ताबाट अर्को पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै आएको कथा-व्यथा तथा दुःख-सुख एवम् चाडपर्व र जीवनका विविध क्षणमा गाइने जनकण्ठका गीतहरूको सँगालो हो ।[५] यसमा केही थपिने र केही बिलाउने प्रक्रिया चलिरहन्छ । त्यसैले लोकसाहित्य आदिमता र नवीनताको सम्मिश्रण हो भन्नु पर्ने हुन्छ । यस क्रममा के भन्न सकिन्छ भने वैदिक ऋचाहरू झैँ वैयक्तिक रूपमा र श्रुतिपरम्पराद्वारा हुर्किँदै व्यक्ति- व्यक्तिलाई प्रभावित पार्ने लोक साहित्य लिखित साहित्यको पूर्वतम रूप हो ।[६]

यो ज्यादै पुरानो विधाका रूपमा रहेको तापनि यसको भूमी सदा उर्वर छ । मूलतः लोकस्तर बाटै सृजित हुने भएकोले नै यस विधालाई पुरानो विधाका रूपमा हेर्न सकिन्छ । लोक जीवनको विभिन्न खुड्किलाहरू पर गर्दे आउँदा प्राचीनताको आभाष मिल्छ । त्यसकै प्रस्तुतिको माध्यम लोकसाहित्य बन्न पुगेको हुन्छ । तसर्थ लोकसाहित्यको इतिहास प्राचीन छ भन्न सकिन्छ । यही प्राचीन इतिहास बोकेको लोक जीवनको वस्तुतथ्यलाई सरल तथा सहज किसिमको व्यक्त गर्न सक्ने वास्तविक साहित्य नै लोक साहित्य हो । लोकसाहितय विभिन्न विधा-उपविधाहरूले युक्त छ । लोकसाहित्यमा तलको तालिका अनुसारका विधा र उपविधाहरू रहेका हुन्छन् :

- लोकसाहित्य
  - लोकगीत
    - गीत (मुक्त)
    - गाथा (प्रबन्धात्मक)
  - लोककथा
  - लोकनाटक
  - लोकोक्ति
    - गाउँखानेकथा
    - उखान
    - टुक्का

यसरी लोकसाहित्य विभिन्न विधा- उपविधाको समष्टि रूप हो । यो युगौंयुगदेखि श्रुति-स्मृति परम्परामा अजर र अमर बन्दै आएको छ । यो गद्यात्मक, पद्यात्मक वा चम्पूमूलक रूपमा देखा पर्दछ । यसमा समाजिक यथार्थता, प्राकृतिक मनोरमता, ऋतुकालीन विशेषता आदिको प्रतिबिम्ब अङ्कित भएको हुन्छ । तसर्थ यिनै कुराहरूको समग्र रूप नै लोक साहित्य हो ।

---

५. धीरेन्द्र प्रेमर्षि, **मैथिली साहित्यका विविध आयाम र विकास प्रयास**, सयपत्री -वर्ष : १, अङ्क १, पूर्णाङ्क १, २०५२), पृष्ठ १४ ।

६. डा. शम्भुप्रसाद कोइराला, पूर्ववत्, पृष्ठ २ ।

## ३.२ लोकसाहित्यको एक विधाका रूपमा गाउँखाने कथा

लोकसाहित्यको एक महत्वपूर्ण विधाका रूपमा गाउँखाने कथा रहेको छ । विश्वका जुनसुकै मुलुकमा पनि लिखित सहित्यको पृष्ठभूमिका रूपमा वा लिखित साहित्य प्रारम्भ हुनुभन्दा अघि लोकसाहित्यको विकास भएको पाइन्छ । लिखित साहित्यको पृष्ठभूमि र आधारभूमिका रूपमा रहेको लोक-साहित्यलाई जतिसुकै सभ्य र विकसित मुलुक भएता पनि पन्छ्याउन मिल्दैन । मानव सभ्यताको इतिहासमा अभिव्यक्तिको पहिलो आधारका रूपमा लोकसाहित्यको इतिहासमा अभिव्यक्तिको पहिलो आधारका रूपमा लोकसाहित्य रहेको छ । आदिम अपठित मानव मनको सहज स्वाभाविक र अकृत्रिम साहित्य लोकसाहित्य हो ।

साहित्य दुई प्रकारकको हुन्छ । लोकसाहित्य र लिखित साहित्य । लिखित साहित्यको विकास हुनु पूर्व नै लोकसाहित्यको विकास भएको हो । लोकसाहित्य लोकजीवनमा स्वतः अभिव्यक्त हुने जनसमुदायको उन्मुक्त अभिव्यक्तिमा आधारित साहित्य हो । यसमा मानव जीवनका वा लोकमानवका सुख - दुख, आँसु - हाँसो, हर्ष - विस्मातको जीवित स्वरूप पाउन सकिन्छ ।

लोककजीवन सुख- दुखका अनेक क्षणमा आफ्ना जिज्ञासा तथा मनोरञ्जनका निम्ति विभिन्न साधनको उपयोग गर्छ । गाउँखाने कथा तिनै मध्येको एउटा रोचक विषय हो । मानिसहरू दैनिक काम सकेर फुर्सदको बेला बसिबियाँलो गर्दा यस्ता रमाइला प्रसङ्ग उठाउँछन् । दुई चार जना एकै ठाउँ भेला भएर हाँसी रमाइलोका रूपमा अड्को थाप्ने र फुकाउने चलन मानव समाजकै आदिम स्वाभाव हो । यो परम्परा नेपाली लोकजीवनमा गाउँखाने कथाको रूपमा जीवित छ । [७]

---

७. कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृ. १५९ ।

### ३.३ गाउँखाने कथाको परिचय

गाउँखाने कथाको प्रयोग वैदिककालदेखि नै हुँदै आएको छ । "महाभारत" का "यश्र प्रश्नहरू" सँग बौद्धिक जमात परिचित नै छ । संसारका सबै भागमा र हाम्रा समाजका बस्तीहरूमा अहिले पनि गाउँखाने कथाको परम्परा पुस्तान्तरण हुदै आएको छ । यसमा समूहका एक जनाले प्रश्न सोध्ने र उपस्थितमध्ये जसले सक्छ उसले उत्तर दिने अनि कसैले उत्तर दिन नसके प्रश्नकर्तालाई कुनै गाउँ दिएको कुरा सुनाइ उसबाट उत्तर फुकाउने चलन छ । उत्तर फुकाउनु अघि प्रश्नकर्ताले उत्तरापेक्षीहरूभन्दा आफूमाथि पर्न अनेक कुराहरू फलाक्छ र अन्तमा उनीहरूलाई ङिच्च पारेको बोध गराउँदै सगर्व रहस्यको गाँठो खुस्काएर कौतूहल मेटिदिन्छ ।

गाउँखाने कथामा जीवन र जगतको विविधकुराहरू भेटिन्छन् । ती कुराहरू प्रकृति, मानव, पशुपन्छी, वनस्पति, घरव्यवहार, खेतीपाती र अन्य विभिन्न कार्य - व्यवसायसँग सम्बन्धित हुन्छ ।[८]

गाउँखाने कथामा कथा शब्दअन्तर्निहित रहे पनि त्यसमा वास्तविक कथा हुदैन बरु कथाको झिनो तत्व मात्रै संरचनाभन्दा तल भने झरेको पाइदैन । गाउँखाने कथा गद्यमा मात्र नभएका कविता र गीतमा पनि फेला पर्छ । कुनै कुरालाई रहस्य वा गर्भमा लुकाएर बौद्धिकताको चमत्कार देखाइने यो लोकसाहित्यिक विधा अलङ्कार र प्रतीक प्रयोगका दृष्टिले विशेष महत्वपूर्ण छ, तर उखान वा टुक्का झै यसलाई वाक्यमा प्रयोग गर्न खोजिदा भने निराशा मात्र हात लाग्दछ ।[९]

### निष्कर्ष

लोकसाहित्यको अजस प्रवाह युगौँयुगदेखि प्रवाहित हुदैँ आएको छ । आदिम अवस्थादेखि वर्तमान अवस्थासम्म द्वन्द प्रतिद्वन्द, घातप्रतिघात तथा सङ्घर्ष मिलनलाई यसले आफूमा समाहित गरेको छ । यसमा विभिन्न समाज व्यवस्था, शासनव्यवस्था र चिन्तन दर्शनका छापहरू पनि गहिरोसँग परेको छ । त्यसैले यसको सर्वाङ्ग सुन्दरताको दोषी गर्नु तर्कसम्मत हुनेछैन । लोकले विगतका कतिपय कहालीलाग्दा कहर काटेको र

---

८. जीवेन्द्रदेव गिरी, लोक साहित्यको अवलोकन (काठमाडौं : एकता प्रकाशन, २०५७) पृ. ३१ ।

९. ऐजन् ।

त्यस स्थितिमा मौखिक रूपमा जति सकिन्छ त्यति मात्र कुरालाई जोगाउन सकेको तथ्यप्रति आँखा लगाएर लोकसाहित्यलाई हेर्न आवश्यक छ । यसको बहुरङ्गी रूपलाई ख्याल गरेर यसका असल पक्षलाई सदुपयोग गर्नु र खराब पक्षलाई दुत्कार्नु उन्नत र सुन्दर समाजका पक्षमा हुनेछ । यहीनेर के पनि हेक्का राख्न आवश्यक छ भने लोक साहित्यिक सम्पदाको प्रखर प्रयोगवाट "वेद" "महाभारत" र "रामायण" जस्ता विशिष्ट ग्रन्थ र तिनका प्रभावशाली स्रष्टालाई युगले जन्माउन सक्छ तर तिनलाई अपौरूपेय र अलौकिक घोषणा गरेर स्वार्थसिद्ध गर्न पनि मानव समाज भित्रैदेखि परेको छ ।[१०]

## ३.४ गाउँखाने कथाको परिभाषा

गाउँखाने कथाको पर्याप्त परिभाषाहरू पाइदैन । यसलाई परिभाषित गर्न विद्वानहरू ज्यादै कम भए पनि उपलब्धमध्ये केही प्रमुख परिभाषहरू निम्निलिखित छन् ।[११]

### जे. ए. कडन

''साहित्यको प्राचीन र सार्वभौम रूप गाउँखाने कथामा सामान्यतः अल्भ्को थाप्ने प्रश्न रहन्छ ।"[१२]

### मर्टिन गे

''कुनै वस्तु वा विचारबारे चतुऱ्याइ देखाउने परीक्षण लिने वा मनेविनोद गर्ने प्रयोजनवाट जानाजान थापिने अल्झालाई गाउँखाने कथा भनिन्छ ।"[१३]

यसरी यी सबै परिभाषा तथा अन्य पक्षको समेत अध्ययन गरी गाउँखाने कथालाई यसरी परिभाषित गरेको छ ।[१४]

---

१०. ऐजन् पृ. ३१

११. प्रा. मोहनराज शर्मा र डा. खगेन्द्र प्रसाद लुइटेल, पूर्ववत्, पृ. ४८२ ।

१२. ऐजन् ।

१३. ऐजन् ।

१४. ऐजन् ।

"कुनै अल्झो वा समस्यावारे प्रश्न गरी उत्तर वा सामाधान मागिने बौद्धिक मौखिक लघुतम संरचनालाई गाउँखाने कथा भनिन्छ ।" [१५]

## ३.५ गाउँखाने कथाका विशेषताहरु

नेपाली गाउँखाने कथामा आफ्नै किसिमको चोखोपन भेटिन्छ, आफ्नै किसिमको मिठास पाइन्छ । गाउँखाने कथाको संरचनामा कुनै वस्तुलाई संकेत गरी कुशलतापूर्वक हुनु र त्यही विषयमा ट्वाक्क उत्तर मिल्नु यसको निजी प्रक्रिया हो । यी गाउँखाने कथा लोकजीवनका जिज्ञासाका झल्का दिन्छन् । बौद्धिक तिव्रताका झल्का छोड्छन् अनि हाजिरी जवाफका रूपमा चनाखो र पोख्त हुने कला सिकाउँछन् ।[१६]

नेपाली गाउँखाने कथाका केही मूलभूत विशेषता निम्नलिखित बुँदामा देखाउन सकिन्छ । [१७]

(१) मनोरञ्जन

(२) खिरिलोपन

(३) बौद्धिकता

(४) प्रतीकात्मकता

### ३.५.१ मनोरञ्जन

गाउँखाने कथाको महात्वपूर्ण विशेषता मनोरञ्जन हो । दिनभरिको परिश्रम पश्चात् पाइने विश्राममा यसले गाउँले श्रमिकहरुको थकान मेटाउँछ । उनीहरुको मन रमाइदिन्छ र एक प्रकारको तृप्ति दिन्छ । विशेषत केटाकेटीमा यो अझ लोकप्रिय छ । घर आँगनमा वा खेल्ने ठाउँमा धेरै केटाकेटी भेला भएर एउटाले "हिड्दै छ पाइला मेट्दै छ क्या हो ? भनी सोधेको र अर्काले एकछिन गमखाई मुसुक्क मुस्कुराई "डुङ्गा"

---

१५. कृष्ण प्रसाद पराजुली, पूर्ववत्, पृ १७३

१६. ऐजन्, पृ. नं. १७३

१७. ऐजन्,पृ. नं. १७३

भनि अर्थ फुकाएको सुन्दा साँच्चै नौलो र घातलाग्दो अनुभव हुन्छ । नेपाली गाउँखाने कथामा घुमाउरो पाराले श्रोतालाई अल्झाइँदा र कथा नजानेमा व्यङ्ग्य पनि गरिँदा यो अझै मनोरञ्जक हुन्छ । [१८] जस्तै :

१. कालागोडा सेता भुँई मुखले टिप्छ हातले छर्छ ।

– लेखेपढेको

२. एउटा ठुटोमा दुइटा च्याऊ, यो कथा नजान्ने मुसा पोली खाऊ

– कान

## ३.५.२ खिरिलोपन

गाउँखाने कथाको रूप सानो भएकाले कथा हाल्ने र अर्थ फुकाउनेलाई धेरै समय चाहिँदैन एक बसाइमा थुप्रै गाउँखाने कथा भन्न र सुन्न सकिन्छ । यसमा प्रश्न पनि लामा उत्तर दिनु पर्ने नभई एक-दुई शब्दमा टुङ्गिने अर्थात वस्तुपरक उत्तरको अपेक्षा गर्ने खालका हुन्छन् । यसैले पनि गाउँखाने कथा छोटो-मिठो बनेको देखिन्छ । यिनमा पनि लयात्मक तथा अनुप्रासका छटा भएका गाउँखाने कथाहरु बनेको पाइन्छ ।[१९] जस्तै

१ इउँ त इउँ टिप्नेलाई सय रूपैया दिऊँ ।

- छाँया

२ अलङकी रानी पलङमा सुत्छे, सूर्यलाई देख्ला लुपुक्क लुक्छे ।

- शीत

## ३.५.३ बौद्धिकता

गाउँखाने कथामा घुमाईफिराई कुनै बस्तुका बारेमा अड्का थापेर प्रश्न गरिने हुनाले शब्दचमत्कारि खालको हुन्छ तापनि भावका रूपमा गहकिलो ज्ञान लुकेको हुन्छ । त्यसलाई पहिल्याउन विशेष दृष्टिको आवश्यकता पर्छ । हाजिरी जवाफमा जस्तै यसमा

---

१८. कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृ १७३ ।

१९. ऐजन्, पूर्ववत्, पृ. १७४ ।

उत्तर ठीक आएन भने मिल्दैन् र कथा पनि टुङ्गिदैन । यस प्रक्रियाले श्रोतमा तीव्र उत्कष्ठा जगाउनु नेपाली गाउँखाने कथाको आफ्नैपन हो । [२०]

गाउँखाने कथाको पृष्ठभूमि रहस्यमा पनि आधारित छ । बौद्धिक विकासका क्रममा श्रोतलाई माखेसाङ्लोमा पारी रहस्यको सृष्टि गरिन्छ । अर्थ फुकाएपछि ठ्याक्क मिल्ने जिज्ञासाले प्रश्नका रूपमा श्रोतलाई नअल्झाई छाड्दैन् । चार चुच्चे, मुख बुच्छे, पानी खान्छे, घाममा सुत्छे जस्तो प्रश्न रहस्यपूर्ण नै छ । यसको उत्तर रुमाल भन्ने खुल्नासाथ रहस्यको गाँठो पनि फुक्छ । नेपाली गाउँखाने कथा सबै यस्तै बौद्धिकताले भरिएका छन् । यी कथामा आधुनिक आविष्कार तथा ज्ञान-विज्ञानका गहिरा कुरासम्मलाई पनि व्यक्त गरिएको पाइन्छ । [२१]

जस्तै :

१. बोल्छ मान्छे होइन, गीत गाउँछ कोइली होइन, बाजा बजाउँछ दमाई होइन

- रेडियो

२. पखेटा भएको उड्ने घर, पर्छन् मनिस त्यसको भर ।

- हवाइजहाज

### ३.५.४ प्रतीकात्मकता

गाउँखाने कथाको सोझो उत्तर हुँदैन । यसैले अनुमानका भरमा उत्तर नदिई प्रतीकात्मक रूपले उत्तर ठम्याउनु यसको विशेषता हो । यस माध्यमले जीवनका विभिन्न पक्षदेखि प्रकृतिका थुपै कुरा गाउँखाने कथामा आउँछन् । मुख, हात, आँखा केरा, अम्बा, जून, तारा, घाम, पानी आदि अनेक वस्तुका नाम प्रतीकात्मक रूपबाटै व्यक्त हुन्छन् । प्रतिदिन देखिने, लाइने खाइने वस्तुका नाम यसै माध्यमले चिनाइन्छन् । लोकले अनुभव गरेका प्रत्येक वस्तुलाई यसरी प्रतीकका रूपमा व्यक्त गर्नु नेपाली गाउँखाने कथाको स्वभाविक प्रक्रिया त हुँदै हो  साथसाथै प्रमुख लक्षण पनि हो । [२२]

---

२०. कृष्णप्रसाद पराजुली, पूर्ववत्  पृ. १७५ ।

२१. ऐजन्, पूर्ववत्, पृ १७५ ।

२२. ऐजन्, पूर्ववत्,पृ १७५ ।

जस्तै :

१ सानो सानो दह, सिन्का परे नसह

- आँखा

१ ठाडो भिरमा सुन्दर फूल फुली

## ३.६ नेपाली गाउँखाने कथाको वर्गीकरण

गाउँखाने कथा निश्चित परिवेशमा जन्मिएको र आफ्नै सेरोफेरोमा प्रयोग क्षेत्रमा हुर्किएको हुन्छ । कुनै भाषाका गाउँखाने कथाद्वारा त्यो भाषा बोल्ने जाति र जीवनको चालचलन र रहनसहनको अनि त्यहाँको प्राकृतिक स्थिति एंव वातावरणसम्मको अध्ययन गर्न सकिन्छ ।[२३]

गाउँखाने कथाको रूपात्मक वर्गीकरण संरचनाका दृष्टिले आकारप्रकारगत, अनुप्रासयुक्त, अपमानमूलक र प्रश्नात्मक गरी ५ भागमा वर्गीकरण गरिएको छ ।

विषयका आधारमा गरिएका गाउँखाने कथाका वर्गीकरणमध्ये भारतीय विद्वानकाका केही वर्गीकरण प्राप्त हुन्छन् । ती मध्ये डा. सत्येन्द्रले बज्रले पाइने गाउँखाने कथाका आधारमा यसलाई साधारणतः सात भागमा बाँडेका छन् । ती हुन् :

१. खेतीसम्बन्धी

२. भोजनसम्बन्धी

३. घरेलु सम्बन्धी

४. प्राणी सम्बन्धी

५. प्रकृतिसम्बन्धी

६. अंग-प्रत्यङ्गसम्बन्धी

७. अन्य[२४]

---

२३. कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृ. १७७ ।

२४. डा. कुन्दनलाल उप्रेती, लोकसाहित्य के प्रतिमान, (अलिगढ : भारत प्रकाशन मन्दिर, ई. १९७१), पृ. २१३ ।

डा. कृष्णदेव उपाध्यायले पनि यसैलाई आधार मानेका छन् । उनले खाली भोजनसम्बन्धीलाई भोज्य पादार्थसम्बन्धी" र अङ्गप्रत्यङ्गसम्बन्धीलाई शरीरसम्बन्धीमा लिएको देखिन्छ । यसै वर्गीकरणमा केही परिवार्तनका साथ डा. कुन्दनलाल उप्रेतीले चाँहि यी छ भागमा वर्गीकृत गरेका छन् ।

१. घरेलु वस्तुसम्बन्धी

२. व्यवसायसम्बन्धी

३. प्राणीसम्बन्धी

४. प्रकतिसम्बन्धी

५. शरीरसम्बन्धी

६. अन्य [२५]

अवधी लोकसाहित्यको अध्ययनका क्रममा सरोजनी रोहगतीद्वारा गाउँखाने कथालाई पाँच भागमा विभाजिन गर्ने प्रयास भएको छ । गाउँखाने कथाको विभाजन अपार छ, सङ्ख्या निश्चित छैन तापनि केही विभाजन गर्न सकिन्छ भनि गरिएको यो वर्गीकरण यस प्रकारको छ ।

१ प्रकृतिसम्बन्धी

२ कृषिसम्बन्धी

३ घरेलुसम्बन्धी

४ खानपानसम्बन्धी

५ विविध विषयसम्बन्धी [२६]

यसरी नेपाली गाउँखाने कथाका थुप्रै विषय छन् । तापनि खास-खास कक्षका आधारमा यसको वर्गीकरण निम्नलिखित पाँच भागमा गरिएको छ । [२७]

---

२५. डा. कुन्दनलाल उप्रेती, लोकसाहित्य के प्रतिमान (अलिगढ : भारत प्रकाशन मन्दिर, ई. १९७१), पृ. २१४ ।

२६. ऐजन्, पृ. २१६ ।

२७. सरोजनी रोहतगी अवधी लोकसाहित्य (काठमाण्डौ : रत्नपुस्तक भण्डार २०४१), पृ. ११२ ।

१ घरेलु जीवनसम्बन्धी

२ शरीरसम्बन्धी

३ कृषि व्यवसायसम्बन्धी

४ प्रकृतिजगत् सम्बन्धी

५ विविध विषयसम्बन्धी [२८]

## १. घरेलु जीवनसम्बन्धी

दैनिक व्यवहारमा प्रयोग हुने र आवश्यक पर्ने सानाठूला वस्तुदेखि विभिन्न खानेकुरा या खेलौनासम्मका सबै कूरा गाउँखाने कथा मा समेट्न सकिन्छ । यसरी घर, ढोका, झ्याल, घाट, खाट लुगा, जुत्ता आदिका गाउँखाने कथा बनेका भेटिन्छन् । जस्तै :-

| | |
|---|---|
| विहान उठेर ढुङ्ग्रामा हात | - लुगा लगाएको |
| एक मुठी खर घुमाउने घर | - छाता |

## २. शरीरसम्बन्धी

कतिपय गाउँखाने कथाहरु अङ्ग-प्रत्यङ्ग, इन्द्रियहरु र शारीरिक क्रियासँग सम्बन्धित छन् । यसरी मुख, दाँत, जिब्रो, टाउको, नङ, नाइटो, आदिका गाउँखाने कथा बनेका हुन्छ । जस्तै :

| | |
|---|---|
| चिचीमाथि पापा | - नङ |
| एउटा ढुङ्गामा सातवटा प्वाल | - टाउको |

## ३. कृषि-व्यवसायसम्बन्धी

हाम्रो देश नेपाल कृषि प्रधान देश भएकोले खेतीपाती र औजारसम्बन्धी थुपै गाउँखाने कथा बनेका पाइन्छन् । यसरी धान, मकै, तिल, गहुँ, खोर्सानी, हलो, कोदालो, नाम्लो, आदिका गाउँखाने कथाहरु प्रचलित छन् । जस्तै :

---

२८. ऐजन्, पृ. १८२ ।

बाहिर सुन भित्र चाँदी - केरा

सानो रुखमा रातै सिपाही - खोर्सानी

### ४. प्रकृतिजगतसम्बन्धी

मानिस प्रकृतिकै एक सुन्दर उपहार हो । त्यसैले मानिस र प्रकृति बीच घनिष्ठ सम्बन्ध रहेको छ । यसभित्र घाम, पानी, धर्ती, जून, तारा, हिमाल, पहाड, असिना, इन्द्रेणी आदिका गाउँखाने कथा बनेका हुन्छन् । जस्तै :

सबैलाई तातै गएपछि रातै - घाम

सुरिलो रुखमा सिन्का जत्रा पात - सल्लो

### ५ विविध विषयसम्बन्धी

अब बचेका सबै गाउँखाने कथाहरु यसअन्तरगत पर्दछन् । तिनमा हातहतियार, गान-बजान, खेलबाड, आदि अन्तर्गतका बन्दुक, तरवार, बन्चरो, मादल, बाँसुरी, शंख, दमाहा, सनाई, तवला, आदिका गाउँखाने कथा बनेका हुन्छन् । जस्तै :

पुतली चरी गीत गाउँदै झरी - सनाई

आई बुढी मच्चिदै, गई बूढी थच्चिदै - पिङ

## ३.७ निष्कर्ष

लोकसाहित्यको एक प्रमुख विधा गाउँखाने कथा हो । गाउँखाने कथा आफैमा पूर्ण छ । गाउँखाने कथाको परिभाषा दिने क्रममा अनेक विद्वानहरुले आफ्नो आफ्नो दृष्टिकोणको भनाइ व्यक्त गरेपनि अझै यसको पूर्ण परिभाषा भने प्राप्त गर्न सकिएको छैन् । गाउँखाने कथाको आफ्नौ स्वभाव, रूप स्वरूप र विशेषताहरु विद्यमान रहेका

छन् । यस्तैगरी यस अमूल्य विधा गाउँखाने कथाको वर्गीकरण पनि छ । जति भागमा वर्गीकरण गरेपनि कम हुन्छ । तैपनि सिमित रूपमा वर्गीकरण गरी विविधमा वा अन्य भनेर बाँकि गाउँखाने कथालाई राखेको पाइन्छ । यसरी यस तथ्यबाट गाउँखाने कथाहरु असङ्ख्य रहेको तथ्य प्रमाणित हुन्छ ।

# परिच्छेद चार

# देउखुरी क्षेत्रमा प्रचलित थारु गाउँखाने कथाहरुको वर्गीकरण एंव विश्लेषण

## ४.१ गाउँखाने कथाका वर्गीकरणको आधार

गाउँखाने कथा निश्चित परिवेशमा जन्मिएको र आफ्नो सेरोफेरोका प्रयोग क्षेत्रमा हुर्किएको हुन्छ । कुनै भाषाका गाउँखाने कथाद्वारा त्यो भाषा बोल्ने जाति र जीवनको चालचलन रहनसहनको अनि त्यहाको प्राकृतिक स्थिति एवं वातावरण सम्मको अध्ययन गर्न सकिन्छ । लोक जीवनका जिज्ञासा र अभिरुचि व्यवहारिक कुशलता र वौद्धिक उपलब्धि, विचारका तरङ्ग प्रतितरङ्ग तथा रहस्यको टुङ्गोमा पुग्ने उत्सुकता यसबाट छर्लङ्ग हुन्छ । गाउँखाने कथाको प्रयोग कथ्य भाषिक व्यवहारमा हुने हुँदा त्यस भाषाको भाषाशास्त्रीय अध्ययनमा पनि यसले सघाउँछ ।

लोकजीवनमा हरेक दिन विभिन्न किसिमका गाउँखाने कथा भन्ने सुन्ने गरिन्छ । यस माधयमले लगाउने, खाने, हिड्ने, डुल्ने, हेर्ने सोच्ने सबै विषय वा कुराका वस्तुचित्र प्रस्तुत भइरहन्छन् । यस स्थितिमा बिस्तृत क्षेत्र ओगट्ने गाउँखाने कथाको स्पष्ट विभाजन रेखा कोर्न गाह्रो पर्ने देखिन्छ । गाउँखाने कथा लोक जीवनका विभिन्नरूपले प्रयोग गरिएको हुन्छ । प्रस्तुतबाट अप्रस्तुततर्फको सङ्केत यसको मूल आधार हो । मानवसमाजमा यस्ता प्रस्तुत तथा अप्रस्तुत दुवै पक्ष परिचित हुन्छन्,तर अप्रस्तुत अर्थको भेउ सजिलै पाउन नसकिने गरी प्रस्तुत पक्षको वर्णन गर्दा लोकजीवन एकैछिन भएपनि रनभुल्लमा पर्छ । पछि प्रश्न-प्रतिप्रश्नको दोसाधबाट अर्थ खुलेपछि त्यस अर्थलाई समात्न नसकेकोमा ऊ आफै उदेकमा परेको भावपनि व्यक्त गर्दछ । यसरी रमाइलो प्रश्न र चातुर्यपूर्ण उत्तरको माझवाट आकर्षक बन्दै गाउँखाने कथा चमातकृत हुन्छन् । यस्तै संचनात्मक रूप तथा परिवेशका भावभूमिमा गाउँखाने कथाको विभाजनको आधार खोज्नुपर्ने देखिन्छ ।

गाउँखाने कथाको वर्गीकरण दुई प्रकारले गर्न सकिन्छ ।

१. रूपात्मक आधारमा

२. विषयात्मक आधारमा

### ४.१.१ रूपात्मक आधारमा

गाउँखाने कथाको रूपात्मक वर्गीकरण संरचनाका दृष्टिले यसमा पाइने वाह्य तत्वका आधारमा गर्न सकिन्छ । यसमा विशेषतः गाउँखाने कथाका बनौटको प्रक्रिया केलाउने तथा त्यसका वाह्य पक्षकै प्रयास हुन्छ । गाउँखाने कथाका निर्माण तत्वमा पाइने गद्यात्मक  शब्द संयोजन, अनुप्रासका छटा, शिल्पगत कौशल आदि यसका खास आकार प्रकार हुन् । कैयन गाउँखाने कथामा लय तथा शब्द संयोजन अचम्मै रमाइलोसित भएको पाइन्छ । गाउँखाने कथाले यिनै विभिन्न माध्यममा आफ्नै स्वरूप लिन्छ र प्रस्तुत उत्तरको अपेक्षा गर्दछ ।

गाउँखाने कथाले पूर्ण वाक्य वा वाक्यांशका दुवै रूप लिएको हुन्छन् । यस्तै साधारण रूपका र लय वा अनुप्रसायुक्त हुनाका साथै गीतिरूप लिएका विशिष्ट गाउँखाने कथा पनि पाइन्छन् । प्रश्नमूलक हुनु यसको स्वभाव नै हो, तर गाउँखाने कथा भित्रै पनि कतैकतै प्रश्नात्मक रूप पाइन्छन् । यस प्रकार गाउँखाने कथाका केही संरचनात्मक रूपका उदाहरण यस प्रकार रहेकाछन् ।

**१) आकारप्रकारगत**

१) एक ठो भैयक चार गोरा का हो ?    प्वाट (वाक्यांश)

२) डोब आइठ काँठ परलरहथ जानो का हो ऐसेलु (वाक्यात्मक)

३) दाँत वाहर, ढेवर भित्तर जानो का हो      मुसल (लघुआकार )

४) बंगारा करङ् बा मनै नै हुँ, हावामे उर्थु हवाइ जहाज नै हुँ,
वरेलम्बा पुछि वा मजोर नै हुँ जानो का हो ?      चङ्गा (वृहत)

**२) अनुपास युक्त**

१) अड्कैम, पड्कैम तोर बाबक टप्पी पड्कैम जानो का हो ?

- जुँगा

२) भाँरा पाक जैना बेन भात नै रिझ्ना जाना का हो ?

- अम्बा

३) हेर्थु तुही देख्छु मही जानो का हो ?

- ऐना

**३) लयात्मक**

१) आकार छोटे हुइलेसे फेन धेउर गुन लगाइथ

सही उपयोग कैलेसे धेउर नाम कमाइथ जानो का हो ?

— कलम

२) पिसथाइथ, काटजाइथ बाँटजाइथ खाजाइथ

लेकिन चबा नै जाइथ जाने का हो ?

- तास

३) छुटीमुटी रुखली, रुखलीमे कुठली

कुठलीमे चाउर जानो का हो ?

- अर्सी

**४) उपमान मूलक**

१) आँखा जसिन बा आँख नही

पङ्खा जसिन वा पङ्खा नही जानो का हो ?

- मुजुरको प्वाँख

२) गहिर लदियम चाँदीक तथ्या जानो का हो ?

- चन्द्रमा

३) एकथो ढेलम सात थो फोङ्ग जानो का हो ?

- टाउको

४) सोट्टैल करुवाक मोट्टैल मार जाना का हो ?

- अण्डा

५) छालामे छाला जे नै जानी ऊ बन्दरक शाला जानो का हो ?

- वन्दगोभी

**५) प्रश्नात्मक**

१) लिहे अैलु मै कारे ऐैले टै ?

छोर दे डगर महि, लैजैबु आब तुहिन जानो का हो ?

- पानी

२) सब दिनक अघाइल तिहवारिक भुखाइल जानो का हो ?

- वाकस

यसरी यी वर्गीकरण वाहेक रूपका आधारमा शब्दविन्यास, वाक्यगत संरचना ध्वनि चमत्कार आदि दृष्टिले वर्गीकरण गर्न सकिने भए पनि विषयका आधारमा लोककथाको वर्गीकरण गर्ने प्रचलन बढी मात्रामा देखिन्छ ।

## ४.१.२ विषयात्मक आधारमा

थारु भाषमा प्रचलित गाउँखाने कथाका थुपै विषय रहेका भए तापनि खास खास पक्षका आधारमा दाङ जिल्लाम प्रचलनमा रहेका थारु भाषाका गाउँखाने कथाहरुको वर्गीकरण निम्नलिखित पाँच भागमा गरिएको छ ।

१) घरेलु जीवन सम्बन्धी

२) शरीर सम्वन्धी

३) कृषि व्यावसाय सम्वन्धी

४) प्रकृति जगत सम्वन्धी

५) विविध विषय सम्वन्धी

**१) घरेलु जीवन सम्बन्धी**

थारु गाउँखाने कथामा घरेलु जीवनसित सम्बन्धीत गाउँखाने कथा प्रशस्त छन् । दैनिक व्यवहारमा प्रयोग हुने र आवश्यक पर्ने साना ठूला वस्तुदेखि विभिन्न खानेकुरा तथा खेलौनासम्मका सबै गाउँखाने कथालाई यसमा समेट्न सकिन्छ । यसरी

घर, ढोका, खाट, लुगा, जुत्ता, काइँयो, आगो, बत्ती, सियो, छाता, चङ्गा आदिका गाउँखाने कथा बनेका भेटिन्छन। यिनका केही नमुना तल प्रस्तुत छन् ।

१) उक्ठा काठ बौराइहस करथ जानो का हो ?

- ढेकी

२) पाँदन काठ झक्झुम्मर फारा जै फारा तै नाऊ जानो का हो ?

- माटिक भारा

३) घरेम घर पैठे जानो का हो ?

- छाता /छतरी

४) दिदी वहिनीनके एक्के सिरन जानो का हो ?

- कोरै

५) उज्जर बर्धक चक्ठीम फोँग जानो का हो ?

- झ्याल

६) बङ्गारा करङ् वा मनै नै हुँ हावामे उर्थु हवाइ जहाज नै हुँ वरेलम्मा पुछी बा मजोर नै हुँ जानो का हो ?

- चङ्गा

७) फरेवर एक एक थो पाकेवर झोक्सा जानो का हो ?

- ढिक्री

८) डगरे डगरे नेंगटा झोरिया भरइटा जानो का हो ?

- मुर्गी

९) एक खुँटक वङ्गाली घर जानो का हो ?

- छाता

**२) शरीर सम्बन्धी**

कतिपय थारु गाउँखाने कथा अङ्ग प्रत्यङ्ग, इन्द्रियहरु तथा शारीरिक क्रियासँग सम्बन्धित छन् । यस्ता शरीर सम्बन्धी गाउँखाने कथामा टाउको, मुख, नाक, जिभ्रो,

दाँत, ओठ, हात, गोडा, औला, नाइटो, नङ,जुँगा आदिका गाउँखाने कथा बढी प्रचलित छन् ।

१) एकथो ढेलम सात थो फोङ्ग जानो का हो ?

- कपार

२) चिचिपर पापा जानो का हो ?

- नङ

३) आरोजोरी दुई तिसेरी, जहाँ पानी उहाँ घोरी जानो का हो ?

- जुत्ता

४) रातभर कुटली खुडी न बुसी जानो का हो ?

- आँख झिम्कैलक

**३) कृषि व्यवसाय सम्वन्धी**

नेपाल कृषिप्रधान देश भएकाले खेतीपाती र यसका उपकरण सम्बन्धी अनेक गाउँखाने कथा प्रचलित छन् । तिनमा खेतवारी तथा उब्जनी सम्बन्धी गाउँखाने कथा त अझ धेरै पाइन्छन् र खास गरी धान, मकै, गहुँ, तिल, केरा, हलो, कोदालो, नाम्लो आदि विषयका गाउखाने कथा पनि छन् । तिनमा घट्ट, चर्खा, जाल, डोको, नाम्लो, बन्चरो हँसिया आदिका गाउँखाने कथा पर्छन् ।

१) करिया दारु लाल निकारु, मारु कचाकच जानो का हो ?

- फलाम पिटाएको

२) एक ईटक ४५ कुवाँ १६ पनेहरिन जानो का हो ?

- मौरीको चाका

३) खटखट खटान, भूइया कुटान तीनमुरी दशगोर संगेचलान जानो का हो ?

- हलोजोतेको

४) तारे तासा उप्पर  तासा बीच्चेम देखो लाल तमासा जानो का हो ?

- मसुरो

५) तरे फारा उप्पर जर जाना का हो ?

- जाल

६) उप्पर चम तरे गम जानो का हो ?

- फरुवा

७) गनगनही बुरियक भान्सा मिठ जानो का हो ?

- मह

८) दिदी वहियनीनके एक्के चुत्तर जानो का हो ?

- लसुन

९) छालामे छाला जे नै जानी ऊ बन्दरक शाला जानो का हो ?

- बन्दगोभी

### ४) प्रकृति जगत सम्वन्धी

प्रकृतिसित लोकजीवनको साञ्है नजिकको साइनु हन्छ । नेपाली लोकजीवनका निम्ति त यो सुख-दुखको साथी नै हो । यसैभित्र धर्ती, आकाश, घाम, जून तारा, हिमाल, पहाड,खोला, पानी, असिना, वन जङ्गल, फलफूल आदि पर्दछन । जीवजन्तु तथा पशुपक्षी सम्वन्धी गाउँखाने कथा पनि निकै पाइन्छन् । तिनमा विशेषतः गाई, गोरु, हात्ती, घोडा, कुखुराका गाउँखाने कथा भेटिन्छन् । फलफूल सम्वन्धी गाउँखाने कथामा चाँहि अमला, अम्बा, लिची आदि पर्दछन् ।

१) लोहक गग्रा तामक ढप्कन जानो का हो ?

- खजुरी

२) महालम्मा लहरक महामिठ फारा जानो का हो ?

- नदी र माछा

३) डगरे डगर नेंगटा झोरिया भराइटा जानो का हो ?

- कुखुरा

४) फागुनके फूल चैतके वोटिया जे नै जानी उहे छोरी खटिया जानो का हो ?

- आँप

५) भाँरा पाक जैना वेन भात नै रिझना जानो का हो ?

- अम्बा

६) पुरुवसे आइल मैना एकगोर दुइ दैना जानो का हो ?

- मालुकाको पात

७) वनवामे वर्छी के गारे जानो का हो ?

- कुरिलो

८) दिदी वहिनीनके एक्के सिरन जानो का हो ?

- केरा

**५) विविध विषय सम्बन्धी**

लोकजीवनसित सम्बन्धि अन्यवस्तु वा विषयमा पनि गाउँखाने कथा निकै प्रचलित छन् । यस्ता प्रकारका गाउँखाने कथाहरुलाई यसै भित्र गाभिएको छ ।

१) खैखै बाजे मै आगे जाउ जानो का हो ?

- लट्ठी

२) सोरहर रुखवाक टिपुन्नी गाँठ जानो का हो ?

- गोन

३) हरियर चिरैयक दुई पुछी जानो का हो ?

- दोना

४) फरेवर एक एक थो पाकेवर भोक्सा जानो का हो ?

- ढिक्री

५) पानी खाके आगी ओक्लैना जानो का हो ?

- विजली

६) हेर्थु तुही देख्छु मही जानो का हो ?

- ऐना

७) जत्ने तानो ओट्ने छोट हुइना जानो का हो ?

- माखुर (चुरोट)

## ४.२ थारु भाषाको गाउँखाने कथाको विश्लेषण

गाउँ खाने कथामा एकातिर लोकजीवनको व्यावहारिक पक्ष दिग्दर्शन भएको हुन्छ भने अर्कातिर नैतिक, धार्मिक/सांस्कृतिक आदि कुराको चित्रण पनि गरिएको हुन्छ । दाङ जिल्ला देउखुरी क्षेत्रमा प्रचलित नेपाली गाउँ खाने कथामा पनि यिने कुराको प्रस्तुति  भेटिन्छ । गाउँ खाने कथाका संरचनागत विशेषता पनि आफ्नै प्रकारका हुन्छन् । अत : यी सबै कुराहर ख्याल गर्दै विभिन्न कोणबाट गाउँ खाने कथाको विश्लेषण गर्न सकिन्छ । यहाँ विषयवस्तु चिन्तन, संरचना, भाषिक पक्ष शैली । व्यापकताका कोणबाट गाउँ खाने कथाको विश्लेषण गरिएको छ ।

### ४.२.१ विषयका कोणबाट विश्लेषण

लोकसाहित्यका अन्य विधामा झैँ गाउँखाने कथामा पनि विषयगत विविधता भेटिन्छन् । उखान आकारमा साना भएर पनि तिनले विभिन्न विषयलाई समेटेका हुन्छन् । जे होस् गाउँखाने कथा स्थानीय भूगोल, इतिहास र सामाजिक विषयसँग सम्बन्धित हुन्छन् । ती खारिएको मस्तिष्क र पाकेको अनुभवका उपज भएका हुनाले तिनमा उपदेशात्मककता पनि हुन्छ । त्यसैले नै गाउँखाने कथा विभिन्न विषयवस्तुमा आधारित  हुन्छन् । दाङ जिल्लामा प्रचलित नेपाली गाउँखाने कथालाई विषयगत विविधताका आधारमा विभिन्न कोणबाट विश्लेषण गर्न सकिन्छ ।

#### ४.२.१.१ थारु गाउँखाने कथामा समाज र संस्कृतिको चित्रण

लोकजीवनमा मनोरञ्जन प्राप्त गर्ने तथा बौद्धिक तीब्रता प्रकट गर्ने माध्यमका रूपमा गाउँखाने कथाको विशेष योगदान रहेको छ । युगौंदेखि मुखमुखमा रहँदै आएका गाउँखाने कथाले लोकजीवनका विभिन्न पक्षलाई आत्मसात गरेका छन् र यस क्रममा गाउँखाने कथा अमूल्य ज्ञानको ढुकुटी पनि हो । थारु गाउँखाने कथामा सामाजिक, साँस्कृतिक, नैतिक, आर्थिक तथा धार्मिक जीवनको पर्याप्त निर्देश पाइन्छ । आफूले प्राप्त गरेको ज्ञान अरुलाई अर्पित गरी जीवनका विभिन्न गूढ रहस्यलाई बुझ्ने तथा

खातल्ने क्रममा थारु गाउँखाने कथाले समाज र सँस्कृतिका विभिन्न चित्र प्रस्तुत गरेका छन् ।

थारु गाउँखाने कथाले लोकजीवनलाई प्रशस्त प्रभावित र अनुप्राणीत गरेका छन् । यस रूपमा सबै गाउँखाने कथा समाज र सँस्कृतिकै चित्र हुन् तर पनि तिनलाई विशेषतः सामाजिक, साँस्कृतिक, आर्थिक र प्राकृतिक पृष्ठभूमि हेर्नु उपयुक्त देखिन्छ । तिनकै मियो वरिपरि घुम्दा गाउँखाने कथामा नेपाली समाज र सँस्कृतिका अनेक कुरा भेटिन्छन् । तिनमा लोक जीवनका सुख दःख व्यवहारिक कुरा, सामाजिक वातावरण, रहनसहन आदिका साथै तिनको आफ्नो यथार्थ रूपमा प्रस्तुत भएको पाइन्छ ।

व्यक्तिको समष्टि रूप नै समाज हो । त्यसैले समाजलाई व्यक्तिको साझा घर हो भन्न सकिन्छ । व्यक्ति समाजको बीचबाट जन्मिन्छ र विभिन्न परिस्थितिको सामना गर्दै हुर्किन्छ र उसको सामाजिक व्यक्तित्व निर्माणमा समाजले उल्लेखनीय भूमिका खेलिरहेको हुन्छ । यस क्रममा ऊ अनेकौं अनुभवहरूलाई सँगालेर जीवनयात्रामा लम्किरहन्छ । यसरी व्यक्तिका जीवनयात्राका क्रममा सँगालिएका ती तीता- मीठा अनुभवहरू गाउँ खाने कथाका माध्यमबाट प्रस्तुत हुने गर्दछन् ।

समाजमा बस्दा, काम गर्दा र परिवारिक व्यवहारका सन्दर्भमा पनि व्यक्तिलाई विभिन्न कुराको खाँचो महसुस हुन्छ । परिवारिक सम्बन्ध, नातगोता र छरछिमेकका बारेमा धेरै कुरा बुझ्दै र सामाजिक व्यवहार पनि सञ्चालन गदै जानुपर्ने हुन्छ । तसर्थ समाजमा कसरी हेलमेल हुने, घरपरवार, दाजुभाइ, छरछिमेक आदिका बीच कस्तो व्यवहार सञ्चालन गर्ने तथा समाजमा नारी र पुरुषको स्थान एकम् सम्बन्ध कस्तो हुनुपर्छ ? भन्ने जस्ता थुप्रै प्रश्न र तिनका उत्तर पनि यहाँका गाउँ खाने कथामा भेटिने गर्छन् । यसबाहेक चाडवाड, मेलापर्व आदि लोकसंस्कृतिजन्य कुराका वैशिप्ट्य पनि यहाँका गाउँखाने कथामा भेटिन्छन् ।

परिवारका सदस्यहरूबीचको सम्बन्ध, छिमेकी-छिमेकी बीचको सम्बन्ध र साथीसँगको सम्बन्धको चर्चा पनि गाउँ खाने कथामा भेटिन्छ । त्यसरी नै धर्म, संस्कृति आदिको प्रस्तुति पनि यहाँका गाउँ खाने कथामा पाइन्छ । बाबुआमाले आफ्ना छोराछोरहिरूलाई दिने माया र उनीहरूबाट प्राप्त हुने अर्ती, उपदेशका कुराहरू गाउँ खाने कथामा राम्ररी प्रकट भएका हुन्छन् । बाबुआमाबाट एकातिर आफ्ना छोछोरीह्रर

गलत बाटातिर नलागून भन्ने सोचाई लिइएको हुन भने अर्कातिर छोराछोरीहरू भने भनेको नमानी बेवास्ता गर्छन ।

### (क) सामाजिक जीवन

कुनैपनि समाजले आफ्नो ढाँचाको जीवनपद्धति अँगालेको हुन्छ । त्यसैअनुसार उसका क्रियाकलाप तथा व्यवहार पनि चल्दै जान्छन् । गाउँखाने कथामा तिनै जीवनका व्यवहार तथा आवश्यकतासित सम्बन्धीत बस्तुचित्र फेला पर्छन् । दैनिक व्यवहारमा प्रयोग हुने वस्तुदेखि लाउने खाने सम्मका वस्तुलाई यी गाउँखाने कथाले कति राम्रोसँग चिनाएका छन् भन्ने उदाहरण साँझ रुखवम तरे बन्द्रा (कर्छुल) आइल गुजी पायल गुजी पानी देख्के डराइल गुजी (जुत्ता) चार चुच्चा ढोइवर वुच्चा (वाकस) भित्तर चाँदी वाहर सोन (केरा) आदि हुन ।

अङ्ग प्रत्यङ्गका चिनारी दिने सन्दर्भमा करिया लदियक गौरीघाट, वत्तीस दहिँया एकथो पतिया (जिभ ओ दाँत) पाँच डाडु भैयनके एकथो तथिया (हात) दुनुओर खोल्सा बिच्चेम पखवा (नाक) जस्ता गाउँखाने कथामा आफ्नै विशेषता हुनु स्वाभाविक हो, तर तिनमा स्वास्थ्य सम्बन्धी कुराको विचार पनि गरिनु चाहिँ लोकजीवनको अनुभव र तीतो दृष्टिको प्रमाण हो । त्यसैगरी नाडी चल्ने क्रिया स्वतः हुन्छ भन्ने कुरा कलकारखाना चलेको चल्यै गाउँखाने कथाले देखाएको छ भने गाँस हालेपछि चपाई चपाई खानुपर्छ ।वत्तीस दन्त बत्तीस खेप खानेकुरा चपाउनका लागि हुन् भन्ने आधुनिक स्वास्थ्य सम्बन्धी धारणाको सङ्केत दिदै जिभ्रो र दाँतलाई पनि चिनाउने गाउँखाने कथा हो । एक भैया घान डरना बत्तीस भैया धान कुट्ना ।

यसरी दुःख सुख भोग्ने र नेपाली जीवनका घरेलु बस्तुदेखि सामाजिक जीवनसम्मका विभिन्न कुरा प्रतीकात्मक रूपमा व्यक्त गरेर गाउँखाने कथाले धेरै कुरा देखाएका छन् । वस्तुतः तिनमा लोकजीवनका विभिन्न पाटा र क्रियाकलाप प्रतिविम्वित छन् ।

**(ख) साँस्कृतिक प्रतिविम्ब**

लोकजीवनको विशेषता आफ्नै चोखो संस्कृति हो । सुख दुःखका अनेक क्षणमा एकैछिन बसिवियाँलो गर्दा पनि ती मनोरञ्जन चाहन्छन् भने वर्षभरि आउने चाडपर्व हर्ष उल्लासका दिनहरूलाई उनीहरू मात्र चुप लागी हेरिहन सक्दैनन् । दसैँ आएपछि निधारभरि टीका लागाउनुपर्छ, लहरे पीपलका बोटमा पीङ खेल्नुपर्छ । मादल घनकाउनुपर्छ अनि मात्र जीवनमा रस आउँछ । ढेङ पर्वट्वाम गुराँस फुलल (टीका) भित्तर बोइना भित्तर जम्ना आशिष पाइ कनेम घुसैना (जेवँरा) एक्के घरेम एक्के कोठा उहाँ नै हो अक्को ढोका (मंदरा) यस्तै परिवेशमा बनेका गाउँखाने कथा हुन् ।

एक्के घरेम एक्के कोठा उहा नै हो अक्को ढोका (मंदरा) नेपालीहरूको साँस्कृतिक बाजा हो भने अपने उज्जर बा करिया कोट घालथ लाल पानी पियथ ( मुदार) वीरताको संकेत गर्ने जातीय हतियार हो । लोकजीवनले वायुयान वा हवाईजहाजको नाम आफ्नै ढाँचाले चिलगारी राखेको सुनिन्छ त्यही चिलको प्रतिकमा हवाईजहाजलाई यसरी चिनाउँछ । उरथ रुवा नहि बोलथ चिल्हरिया नही । पुस्तकमा ज्ञान पाइन्छ भन्ने कुरा चांहि एकथो कागतके चिरैंया बोलथ दराज बताइथ बाट जस्ता गाउँखाने कथाले देखाएका छन् । आधुनिक आविष्कारप्रतिको जिज्ञासाको समाधान गर्ने गाउँखाने कथामा बराभारी डरुवामे लट्ठी गारल बा (धरहरा) पहिया लिहुरल मोटर झुलुवक उप्पर डौरना (लोहा लगैना) बोलथ मनै नही गीत गाइथ चिरै नही बाजा बजाइथ सुजिया नही (रेडियो) आदि

यसरी कतिपय गाउँखाने कथाले झण्डै गाउँ खाने कथाका ढाँचाका बनेर पनि जीवनका झल्का दिएका छन् । आइल बुह्रवा मच्चि गैल बुह्रवा थच्चि (पिङ) तुहिन चुहकथा तुहिन थुक्था (उखु) आदि गाउँखाने कथा यस्तै हुन ।

**(ग) आर्थिक स्थिति**

कुनै पनि अभिव्यक्तिका आधारको पृष्ठभूमिमा आर्थिक स्थिति गाँसिएको हुन्छ । अधिकांश नेपाली दुःखमा छन् । उनीहरूलाई घाम पानी असिना पसिना हिलो मैलो खप्नु पर्छ भन्ने उदाहरण गाउँखाने कथाले दिएका छन् । ग्रामीण जीवनमा डोकोनाम्लो मेलापात नगरी सुख्ख छैन । झन् दुर जैना झन् टेपरा देखैना (डोका) खट्पट् खटान

भूईंया फुटान तीन मुरी दस गोर संगगे चलान (हलो जोतेको ) तै पनि आफ्नो पसिना फाल्दा नयाँ गाउँखाने कथा पनि जन्मन पुग्दछन् । कृषि कार्यलाई व्यक्त गर्ने यस्तै गाउँखाने कथाहरू हुन्छन् । एक भैया जाइथ सै भैया आइथ (मकै ) तरे फारा उप्पर जर ( जाल ) जस्त गाउँखाने कथाले चाहिँ नेपाली जीवनका अन्य पक्षको उद्घाटन गरेका छन् ।

धनको पखेटा हुन्छ भन्ने उखान छ गाउँखाने कथाले यही धनलाई यसरी चिनाएको छ । मोरिक चाना मोटिक दाना यी घरेम नन्लेसे औरेकथन जैना (रूपैया) जस्ता गाउँखाने कथामा पनि यस्तै प्रभाव देखाइएको छ । जे जस्तो स्थितिमा पनि धन भन्दा मन ठूलो भएको लोकजीवनले सुख दुःख पचाउदै संघर्ष गर्दै बाँच्नुका क्षणलाई रमाईलो तुल्याइरहेको दृष्टान्त नेपाली गाउँखाने कथामा प्रशस्त छन् ।

**(घ) प्राकृतिक चित्रण**

प्राकृतिक चित्रण गर्नु गाउँखाने कथाको अर्को विशेषता हो । यस रूपमा गाउँखाने कथाले लोकजीवन बसेको भूबनोट त्यहाँको प्राकृतिक स्थिति हावापानी वातावरण आदिलाई छोएका हुन्छन् । थारु गाउँखाने कथामा प्रकृति सम्बन्धी अनेक कुराहरू पाइन्छन् । तिनले लोकजीवन बसेको सेरोफेरोमा आउने धर्ती, आकाश, हिमाल, पहाड, खोला, वन, घाम र जून आदि सबैलाई चिनाएका छन् ।

गाउँखाने कथामा प्रकृति र लोकजीवनको गहिरो सम्बन्ध छ । जीवन हाँस्छ र रुन्छ पनि यस्तै यहाँ छाँया पनि माया पनि छ भन्ने कुरा साथै प्रकृतिक कुरालाई चिनाएका उदाहरणहरू हाँस्थी फे ओ रोइथी फेन (घामपानी) जस्ता गाउँखाने कथाले दिएका छन् । प्रकृतिक ज्ञान कति तिब्र  छ भन्ने कुरा दौरे सेकथ नेगे नैसेकथ (पानी) जस्ता गाउँखाने कथा भेटिन्छन् । कुनै कुनै गाउँखाने कथाले सूक्ष्मरूपमा नेपालको छर्लङ्ग चित्रण प्रस्तुत गरेका छन् । लोहक पाता सोनक छतरी (घाम) एकथो दाइक चौदथो छावा ओ पचहत्तर नतिया ले त नेपालका चौध अंचल र पचहत्तर जिल्ला रहेको कुरा देखाएको छ ।

लोकसाहित्यको गाउँखाने कथा विधामा प्रकृतिको चित्रण पनि भेटिन्छ । प्रकृति विभिन्न पक्षको प्रस्तुति यहाँका गाउँखाने कथामा पाइन्छ । देउखुरी क्षेत्रमा भएकाले

यहाँ अनेकौं खोलानालाहरू बगिरहेका छन् । त्यसै गरी लेक, बँसी र पाटनले यस जिल्लालाई सजाएका छन् । यसमा रिहार बगार बाबाको उचाइकाबारे चर्चा गर्न खोजिएको छ । छहरा र लहरा पनि त्यत्तिकै मनोरम हुन्छन् अर्थात छहरा र लहरा पनि त्यत्तिकै मनोरम हुन्छन् यस गाउँखाने कथामा छहरामा छहरा र लहराको चित्रण भेटिन्छ ।

**(ङ) कृषि- व्यवसाय**

दाङ जिल्ला देउखुरी क्षेत्रमा प्रचलित गाउँखाने कथाहरूमध्ये केही गाउँखाने कथा कृषि व्यावसायसँग सम्बन्धित छन् । यहाँका अधिकांश जनता कृषिमा आश्रित छन् भने अन्य पेशामा संलग्न व्यीक्तहरू ज्यादै कम पाइन्छन् । त्यसैले कृषिक्षेत्रसँग पूर्णरूपमा परिचित मामभन्दा बढी कामलाई महत्व दिन्छन् । के वैशाख, के असार, के घाम, के पानी यी सबै कुराहरू यहाँको जनजीवनका लागि सामान्य भइसकेका छन् । दुःख-सुखलाई सहयात्री बनाई काम गर्ने रमाउने यहाँको जनजीवन निकै खेतबारीका दिनहरू बितिरहेका हुन्छन् यसको जानकारी गाउँखाने कथाबाट प्राप्त हुन्छ । कृषि कार्यमा असार-मङ्सीर जस्ता मानो खाएर मुरी उब्जाउने बेलाको विचार तथा श्रम र समयको सदुपयोग गर्ने कुरा अन्यत्रका गाउँखाने कथामा पनि पाइन्छन् । यस किसिमको अवस्था देउखुरी क्षेत्रमा पनि छ र गाउँ खाने कथामा पनि कृषिसँग सम्बन्धित विषयले ठाउँ पाएको छ ।

**(च) पशुपंक्षी विशेष**

देउखुरी क्षेत्रमा प्रचलित नेपाली गाउँखाने कथामा पशुपक्षीको पनि चित्रण पाइन्छ । दाङ जिल्लामा विभिन्न जातका पशुपक्षीहरू भेटिन्छन् । तिनमध्ये केही घरपालुवा छन् भने केही जङ्गली । तिनको चर्चा-परिचर्चा यहाँका गाउँखाने कथामा हुने गर्दछ । गाउँखाने कथामा पशुपक्षीहरूका गुण दोषहरूको चित्रण गर्दै त्यसको तादात्म्य मानिससँग गराइएको छ । कुकुरलाई ज्ञानज्ञुन नहुने भएकाले उसलाई राम्रो-नराम्रो अथवा मूल्यवान -मूल्यहीन वस्तुको जानकारी हुँदैन अनि जहाँ जे भेटियो त्यहीं पिसाब गर्न पुग्छ ।

### (छ) निष्कर्ष

गाउँखाने कथा मनोरञ्जन तथा बौद्धिक कुशलतामा सलबलाएको सामाजिक साँस्कृतिक प्रतिबिम्ब हो । ग्रामीण जीवन अन्धविश्वास र अन्धपरम्परामा जर्जरित छ । तिनमा शैक्षिक चेतना छैन । प्रायः धामी झाक्रीमा आधारित तिनको जीवनदर्शन पुराना कुरामै रुमलिएको छ । यति हुँदाहुँदै पनि साहित्यिक कलाकारको व्यक्तित्वका रूपमा लोकजीवनले गाउँखाने कथाद्वारा धेरै कुरा दिएको छ । तिनमा जीवनका विद्यालय महाविद्यालयमा बसेर खारिएका चुट्किला खुट्खिला र भरिला अनुभवका रमाइला किरण पाइन्छन् ।

जीवनका अनुभूति र अभिव्यक्ति मानिसले भोग्ने, हेर्ने, हाँस्ने, खेल्ने, गाउने, नाच्ने, रमाउने आदि क्रियाकलापसित सम्बन्धीत भएरै आउँछन् । तिनैका माझबाट उसको दृष्टिकोण प्रष्टिन्छ । जीवनदर्शन परिलक्षित हुन्छ । गाउँखाने कथामा पनि सामाजिक, साँस्कृतिक परिवेश तथा वातावरणकै प्रभावमा लोकले जीवनलाई आफ्ना ढाँचामा परिचालित गरिरहेको देखिन्छ ।

यसरूपमा लोकजीवनको सुख दुःख सपना विपनाको प्रतीकात्मक तत्व नै गाउँखाने कथा हो । संक्षेपमा त्यहाँ आफ्नै किसिमको संसार अँगालिएको छ । त्यहाँ जीवनका आफ्नै आधार संगालिएका छन् ।

## ४.२.२ चिन्तनका कोणबाट विश्लेषण

नेपाल विश्वको मानचित्रमा सानो देखिए पनि यो विविधाय चिन्तनको थलो हो यसले भिन्ना-भिन्नै धर्मसंस्कृति, भाषाभाषी, जातजातिलाई अँगालेको छ । यहाँ बुद्ध, जनक, सीता, भृकुटी जस्ता राष्टिय विभूतिहरूको जन्म भयो भने हिन्दूहरूका आराध्यदेव रामको ससुराली पनि यही देश बन्न पुग्यो । यहाँ भिन्न विचार एवम् धर्म भएका मानिसहरू बस्ने हुनाले कतै मन्दिर, कतै मस्जिद र कतै गुम्बाहरू उभिएका देखिन्छन् तिनमध्ये पनि मन्दिरहरूले भरिएको देश नेपाल “मन्दिरै मन्दिरको देश” का नामले चर्चित छ । यहाँ हिन्दूहरूको आधिक्यको आधिक्य हुनाले हिन्दूहरूका आराध्य देव-देवीका मन्दिरहरू व्यापक रूपमा भेटिने गर्दछन् ।

यहाँको समाजमा अद्‌भुत दैवीशक्तिलाई विश्वास गर्ने परम्परा विद्यमान छ । यसरी नदीमा संगम र नद्यहिरू, उच्च शिखरहरू, गुफाहरू, शिलाहरू त्था अग्नि, जल वायु, चन्द्र, सूर्यजस्ता प्राकृतिक वस्तुहरूमा दैवाश विद्यमान रहेको जनविश्वास बलियो छ । पौराणिक तथा धार्मिक ग्रन्थहरूमा वर्णित देवदेवीप्रतिको आस्था एवम्‌ विश्वास पनि जीवन्त नै छ भने तिनमा उल्लिखित नीतिशिक्षाका कुराहरू पनि जनहद्‌यमा पाइन्छन्‌ । तिनले दैवीशक्तिलाई अविनाशी शक्तिका रूपमा लिदै देवत्वमा पूर्ण विश्वास गर्दछन्‌ । यसरी धर्म र ईश्वरलाई सर्वोपरि ठान्ने आध्यात्मवादी मानसिकता बोकेका मानिसहरू यहाँ पाइन्छन्‌ भने धर्ममा होइन कर्ममा विश्वास गर्ने भौतिकवादीहरू समाजमा नयाँ चेतना ल्याई परिवर्तनका लहरहरू फैलाउने जस्तो परिवर्तनकामी भावनाको उद्‌बोधन गर्नेहरू पनि भेटिन्छन्‌ ।

दाङ जिल्ला पनि नेपालकै एक जिल्ला भएकाले यस किसिमका चिन्तादेखि टाढा छैन किन कि दङाली समाज पनि वर्गीय समाज हो । यहाँ दुई वर्ग भिन्ना-भिन्नै चिन्तन लिएर उभिएका छन्‌ । ती दुई वर्गमा एउटा वर्ग यथस्थितिवादी-परम्परावादी चिन्तन बोकेको वर्ग पर्दछ । अर्को वर्गमा परिवर्तनकारी चिन्तन बोकेको वर्ग पर्दछ । जसले जातभात। शोषण, रुढि र अन्धविश्वासको विरोध गर्दै समाजलाई नयाँ दिशातिर डोऱ्याउने शोषित वर्ग छ । तसर्थ यहाँ सामन्तीले किसानको पूँजीपतिले मजदूरको र सम्पन्नले विपन्नको शोषण गरिरहेकाले समाज ज्यादै पीडित छ । यसबाट समाजमा दुई किसिमका चिन्ताहरू अगाडि आएका छन्‌ । यिनै कुराहरूको प्रस्तुति गाउँखाने कथामा पाइन्छ ।

### (क) यथास्थितिवादी-परम्परावादी चिन्तन

समाजको अवस्था जे-जस्तो छ ठिकै छ भन्ने मान्यता बोकेका मानिसहरू पनि यहाँ पाइन्छन्‌ । उनीहरू समाजको परिवर्तन चाहँदैनन्‌ भन्ने धारणा पनि दाङ जिल्लामा प्रचलित थारु गाउँखाने कथामा भेटिन्छ । उनीहरू तल्लो वर्गले उठ्‌ने मौका नपाओस्‌ भन्ने चाहन्छन्‌ र तुच्छ शब्द प्रहार गर्न पुग्छन्‌ ।

(ख) परिवर्तनकारी चिन्तन

रुढि, अन्धाविश्वास, अन्याय, अत्याचारजस्ता समाजलाई पछाडि धकेल्ने तत्वबाट मुक्ति पाउने आशा समाजले लिएको हुन्छ । यथास्थितिवादी चिन्तनबाट दिक्क भए पछि समाजमा नवीन विचारहरू पलाउँछन् र गाउँखाने कथाका माध्यमबाट बाहिर निस्कन्छन् । दङाली गाउँखाने कथा पनि यस चिन्तादेखि टाढा छैन ।

समाजमा भएको अन्याय र अत्याचारलाई सहेर बस्न सकिन्न भन्ने कुराको प्रस्तुति गाउँखाने कथामा पाइन्छ । चोरी गरेर जीवनविर्वाह हुँदैन भने लुकेर बस्दा समाजमा परिवर्तन ल्याउन सकिदैन । तसर्थ यिनलाई त्याग्नु पर्दछ भन्ने मान्यता गाउँखाने कथाले बोकेको छ । धामी-झाँक्रीप्रति विश्वास गर्नु भनेको अन्धविश्वासलाई मलजल गर्नु हो भन्ने मत पनि गाउँखाने कथामा पाइन्छ । धामी र ज्योतीषको काम भनेको झूटको खेती गर्ने काम हो तसर्थ तिनको पछि नलागी नयाँ बाटातिर लाग्नु पर्छ भन्ने अभिमत यी गाउँखाने कथामा भेटिन्छन् ।

## ४.२.३ भाषिक कोणबाट विश्लेषण

गाउँखाने कथाले अभिव्यक्ति भाषाका माध्यमबाट हुने भएकाले गाउँखाने कथामा भाषिक प्रभाव व्यापक रूपमा रहेको हुन्छ । जहाँ जुन किसिमको भाषा प्रचलनमा आएको हुन्छ त्यहाँ सोही अनुरूपका गाउँखाने कथाहरू प्रचलित हुन्छन् । देउखुरी क्षेत्रमा बोलिने गरेको भाषा भारोपेली भाषा परिवारको ओरपच्छिमा वर्गको भाषिकाको एउटा भेद हो । यहाँका अधिकांश मानिसहरू यही भाषिकाका माध्यमबाट आफ्नो कथ्य भाषिक व्यवहार सञ्चालन गर्ने गर्छन । यस जिल्लामा अन्य भाषाभाषिका मानिसहरू बसोबास गर्ने भए पनि नेपाली भाषालाई नै आफ्नो मातृभाषाका रूपमा प्रयोग गर्नेहरूको सङ्ख्याा बढी देखिन्छ । तसर्थ स्थानीय कथ्य भाषाको अधिक्य भएका गाउँखाने कथा बढीजसो प्रचलनमा आउने गरेका छन् । अन्य भाषाका शब्दहरूको संयोजनबाट पनि गाउँखाने कथाहरूको निर्माण भएको छ तापनि तिनले यहाँको मौलिक शब्दमा नै परिणत हुने मौका पाइसकेका छन् । यी विभिन्न कुरामाथि ध्यान दिएर नै देउखुरी क्षेत्रमा प्रचलित थारु गाउँखाने कथालाई भाषिक कोणबाट विश्लेषण गर्न सकिन्छ ।

दाङ जिल्लामा प्रचलित थारु गाउँखाने कथाहरूमा भाषिक मौलिकता व्यापक रूपमा पाइन्छ । वाक्य-गठन प्रक्रिया, निपात, क्रियापद आदिको प्रयोग स्तरीय नेपालीका गाउँखाने कथामा भन्दा केही भिन्नै किसिमले हुने गर्दछ ।

### ४.२.४ प्रचलित क्षेत्रका आधारमा विश्लेषण

अतीतकालदेखि लोकजीवन कथा, अनुभव आदिका सङ्ग्रहका रूपमा रहेका गाउँखाने कथाहरूले व्यक्ति र समाजबीचको सम्बन्ध प्रगाढ बनाउनमा मद्दत पुऱ्याउँदै आएका छन् । यस क्रममा एक ठाउँका गाउँखाने कथा अर्को ठाउँमा प्रचलनमा आउने हुनाले प्रयोगक्षेत्र विस्तार गर्नमा सफल भएका देखिन्छन् । देउखुरी क्षेत्रमा प्रचलित थारु गाउँखाने कथालाई पनि प्रचलनका आधारमा दुई भागमा बाँडी विश्लेषण गर्न सकिन्छ ।

**(क) स्थानीय गाउँखाने कथा**

दङाली जनजीवनको बीचबाट जन्मी त्यहाँकै विशेषतालाई झल्काउने खाका गाउँखाने कथा स्थानीय गाउँखाने कथा हुन् । गाउँखाने कथामा स्फूर्तता हुनेहुनाले तिनमा स्थानीयता पनि व्यापक मात्रामा पाइन्छ । गाउँखाने कथाले लेक-बँसी, पशुपक्षी, ज्ञान-विज्ञान, नीतिचेत, धर्म-संस्कृति आदि कुराहरूसँग सम्बन्ध राख्दै तिनका विशेषताहरूलाई चिनाउने काम गरेको भेटिन्छ ।

**(ख) अन्यत्र प्रचलित गाउँखाने कथा**

मानिसको आवतजावत र सम्पर्कसँगै गाउँखाने कथाहरूले पनि आवतजावत गर्ने गर्छन् र परिस्थिति अनुसार गाउँखाने कथामा परिवर्तन हुने गर्दछ । जति-जति सभ्यता र संस्कृतिको विकास हुँदै जान्छ उति-उति गाउँखाने कथामा पनि परिवर्तन हुने गर्दछ । यस क्रममा गाउँखाने कथाहरू एक अर्का भाषाबीच सम्बन्ध जोड्न पुग्छन् । हिन्दी गाउँखाने कथाले थारु गाउँखाने कथाका भण्डारमा ठाउँ पाउन सक्छ भने थारु गाउँखाने कथाले हिन्दी गाउँखाने कथाका भण्डारमा ठाउँ पाउन सक्छ । यसबाट गाउँखाने कथाको प्रचलनक्षेत्र विस्तारै फैलिदै जान्छ । देउखुरी क्षेत्रमा प्रचलित थारु गाउँखाने कथाहरू मध्ये केहीका आगमन त्यसरी नै भएको पाइन्छ । यसरी ती गाउँखाने कथाहरू आफ्नो क्षेत्र विस्तार गर्ने क्रममा दङाली गाउँखाने कथाका

भण्डारमा प्रवेश गर्न पुगेकाले दङाली भाषिकाको प्रभाव पर्न गई तिनमा शाब्दिक भिन्नता जन्मिएको छ तर आर्थिक भिन्नता भने त्यति सारो पाइदैन ।

### ४.२.५ शैलीका कोणबाट विश्लेषण

लोकसाहित्यिक अभिव्यक्तिको रूपरेखा शैलीबाट स्पष्टिने गर्छ । गाउँखाने कथा पनि लोकसाहित्यिक विधा भएकाले त्यसभित्र शैलीले पनि स्थान पाएको छ । शैली शब्दलाई अर्थ्याउँदै नेपाली बृहत शब्दकोशमा लेखिएको छ । साहित्यिक रचनामा लेखकका व्यक्तित्व विशेषताको छाप दिने वा विषयवस्तुका अनुकुल भाव अभिव्यक्त हुने खास ढाँचा नै शैली  हो । यस अर्थबाट गाउँखाने कथा पनि विभिन्न शैलीमा आधारित हुन्छन् भन्ने कुरा स्पष्ट हुन्छ । शैलीका विभिन्न कोणबाट भावात्मकता, तार्किकता, हास्यव्यङ्ग्यात्मकता र आलाङ्कारिकताका आधारमा गाउँखाने कथाको विश्लेषण गरिन्छ ।

**(क) भावात्मक शैली**

गाउँखाने कथामा भाव वा विचारले महत्वपूर्ण स्थान ओगट्ने हुनाले गाउँखाने कथाहरू भावमय हुन्छन् । दया, माया, करुणा, उत्साह जस्ता भावयुक्त गाउँखाने कथाले आर्थिक वैशिष्ट्यलाई चरम बिन्दुमा पुऱ्याएका हुन्छन् । कसैको मृत्यु हुँदा वा वियोग हुँदा मनमा उत्पन्न हुने भावले कथायितालाई खपी नसक्नु हुन्छ । यस गाउँखाने कथाले मृतकका गुनहरू भुल्नु नसकिने भाव एकातिर पोखेको छ भने अर्कातिर फेरि भेट हुन नपाइने हुनाले करुण क्रन्दन पोखेको छ । दु: ख पाउने बेला जतातत्तैबाट दु:ख नै पाइन्छ । लामो समयदेखि पतिवियोगमा छट्पटाएकी युवती बाह्र वर्षपछि पति घरमा आउँदा कति खुशी हुन्छे ? यस गाउँखाने कथामा प्रेमभावका साथै खिन्नता पनि प्रकट भएको पाइन्छ ।

नि:सहायहरूलाई सबैले हेप्ने हुनाले उसको मनस्तिति निकै कमजोर हुन्छ र ऊ संसारमा आफूलाई एक्लो देख्न थाल्छ । यो भाव के केटाकेटी, के तन्नेरी, के बुढाबुढी र के रागी आखिर सबैको मनमा जाग्ने गर्दछ । तसर्थ त्यस्ता नि: साहाय प्रति सबैको सहानुभूति हुनुपर्ने कुरा गाउँखाने कथामा चर्चा गरिएको छ ।

**(ख) तार्किक शैली**

दाङ जिल्लामा प्रचलित गाउँखाने कथाहरूमध्ये केही तार्किक शैलमि आधारित भएकाले तिनमा तार्किकता प्रचुर मात्रामा रहेको पाइन्छ । ती गाउँखाने कथाले तर्कबाट नै निष्कर्ष पुग्नमा मद्दत पुऱ्याएका हुन्छन् । यस किसिमका गाउँखाने कथाबाट यथार्थताको जानकारी मिल्छ । यहाँको जनजीवनले वस्तु लेनदेन कार्य गरिरहेको हुन्छ । त्यसबाट सहयोगको आदान-प्रदान बढ्दै जाने हुनाले मित्रता पनि बलियो हुँदै जान्छ भन्ने भावना बोकेका गाउँखाने कथाहरू प्रचलनमा आएका पाइन्छन् भने अर्कातिर लेनदेनमा हुने कञ्जुस्याइँ र त्सको परिणामका बारेमा पनि गाउँखाने कथाहरू बोलेका भेटिन्छन् ।

**(ग) हास्यव्यङ्ग्यात्मक**

गाउँखाने कथामा हास्यव्यङ्ग्यत्मकताको प्रयोग भएको हुन्छ अर्थात् रमरम हाँसो मिसिएका गाउँखाने कथा र व्यङ्ग्यात्मक भाव बोकेका गाउँखाने कथा देउखुरी क्षेत्रको थारु लोकजीवनमा प्रचलित छन् । यस क्रममा कृष्णप्रसाद पराजुलीले गाउँखाने कथा हास्यव्यङग्यका रूपमा निकै टड्कारो छन् । भनी लेखेका छन् । यस भनाईलाई दङाली गाउँखाने कथामा लिएर जोड्न सकिन्छ । यस्ता गाउँखाने कथाहरू एकातिर हाँसोतिर मीठो रस चखाउँछन् भने अर्कोतिर बाटो बिगार्नेहरूलाई व्यग्यको सहयोगले झाँको झार्ने पनि पछि पर्दैनन् ।

**(घ) आलङकारिक शैली**

अन्य साहित्यिक विधामाझैं गाउँखाने कथामा पनि आलङ्कारिकता हुनु स्वाभाविक मानिन्छ । यो गाउँखाने कथाका लागि आवश्यक पनि छ । गाउँखाने कथाहरूमा कथनलाई भावोत्कर्ष र चरम सौन्दर्यको अविभाव गर्ने आलङ्कारिक तत्वको प्रवेश हुने हुनाले आनन्दानुभूति गराउन सक्ने क्षमता सशक्त रूपमा उभिएको पाइन्छ । लोकजिवनको हदयदेखि स्वतःस्फूर्त हुने गाउँखाने कथाहरूले आफूमा भएको आलङ्कारिताका कारणले यिनि लोकजीवनको हदय जित्न सफल भएका देखिन्छन् । गाउँखाने कथामा भएको तुकबन्दीले गर्दा यिनीहरू लोप्रिय भएका छन् । अनुप्रास र लयात्मकताले गर्दा भाषिक सौन्दर्य बढ्न गई खाँदिलने हुनमा समेत सहयोग पुगेको पाइन्छ । गाउँखाने कथामा भएको सङ्क्षिप्तताभित्र आलङ्कारिकता थपिनाले सुनमा

सुगन्ध थपिएको भान गराउँछ । तसर्थ दाङ जिल्लामा प्रचलित थारु गाउँखाने कथामा पनि आलङ्कारिकता भेटाइने हुनाले कोणबाट पनि विश्लेषण गर्न सकिन्छ ।

### ४.२.६ निष्कर्ष

समग्रमा भन्नुपर्दा दाङ जिल्लामा प्रचलित थारु गाउँखाने कथाहरू विश्लेषणमूलक भएकाले तिनलाई विभिन्न कोणबाट विश्लेषण गरिएको छ । यस क्रममा विषयका कोणबाट विश्लेषण गर्दा यहाँको सामाजिक-साँस्कृतिक पक्ष, नीतिचेत तथा उपदेश, रुढि र अन्धाविश्वास, न्याव्वस्था, खानपान, कृषि-व्यवसाय, आर्थिक पक्ष आदिलाई स्पर्श गर्ने गाउँखाने कथाहरू माथि, दृष्टि पुऱ्याइएको छ । त्यसरी नै प्रचलित क्षेत्रका आधारमा विश्लेषण गर्ने सन्दर्भमा स्थानीयस्तरमा प्रचलनमा रहेका गाउँखाने कथा र अन्यत्र पनि प्रचलनमा आउने गरेका गाउँखाने कथालाई पृथक-पृथक किसिमले विश्लेषण गरिएको छ । शैलीमाथि विचार पुऱ्याउँदा भावात्म्क शैली, तार्किक शैली, आलङ्कारिक शैली र हास्यव्यङ्ग्यात्मक शैली गरी चार प्रकारका शैलीमा आधारित गाउँखाने कथा भेटिएकाले सोहि अनुसार विश्लेषण कार्य भएको छ । त्यसरी चिन्तका कोणबाट हेर्दा परम्परावादी र परिवर्तनकारी भावयुक्त गाउँखाने कथा पाइएका छन् भने संरचनात्म्क स्परूपलाई हेर्दा लयविहीन, लयात्मक, प्रश्नात्मक, पैश्नोत्तरात्मक, लामा र छोटा गाउँखाने कथाहरू भेटिएकाले त्यस अनुरूप पनि विश्लेषण गरिएको छ । त्यसबाहेक भाषिक कोणबाट पनि दाङ जिल्लामा प्रचलित गाउँखाने कथाहरूको विश्लेषण भएको छ । यसरी विभिन्न कोणबाट गाउँखाने कथाहरू विश्लेषित भए तापनि अझै विभिन्न दृष्टिकोणबाट तिनको विश्लेषण नहोला भन्न सकिदैन ।

# परिच्छेद पाँच
# उपसंहार

दाङ जिल्लामा बसोबास गर्ने अधिकांश मानिसहरु कृषि पेसामा संलग्न छन् । त्यसपछि व्यापार र उद्योग धन्दामा लागेर आफ्नो जिवन निर्वाह गरिरहेका छन् । दाङ जिल्लामा विभिन्न जातजातिहरुको बसोबास भएको पाइन्छ । ति जातिहरुले न्यूनधिक मात्रामा एक-अर्काको भाषा एवम् संस्कृति र जीवनपद्धतिलाई प्रभावित परिरहेका छन् । लोकसाहित्यका क्षेत्रमा रत्यौली, तीजेगीत, धार्मिक गीत आदिजस्ता संस्कार गीत आर्यमूलका जातिहरुमा बढी प्रचलित देखिन्छन् भने झ्याउरे, दोहोरी, भैलो-देउसी आदि गीतहरु सबै जातिका साझा सम्पति बन्न थालेका छन् ।

यसरी दाङ जिल्लाको ऐतिहासिक भौगोलिक, सांस्कृतिक सेरोफेरोमा नेपाली लोकसाहित्यका विधाहरुले आफ्नै विशेषताका साथ हुर्कने अवसर पाउँदै आएका छन् । यहाँको ऐतिहासिक गरिमालाई आजका दाङ जिल्लाका नेपाली लोकगीतहरुले झल्काइरहेका छन् । यहाँका पशुपंक्षी, जडीबुटी, पहाड-पर्वत, नदीनाला, झरना, कन्दरा, पहारा गाउँ र बेसीहरु दाङका नेपाली लोकसाहित्यका विषयवस्तु बनेका छन् । यी सम्पूर्ण कुराहरुलाई समेटेका लोकसाहित्यका विधाहरु यहाँका भिर पाखा, पखेरा, कन्दरा र पहाडका खोँचहरुमा बाह्रैमास गुन्जिरहन्छन् ।

लोकसाहित्यको एक प्रमुख विधा गाउँखाने कथा हो । गाउँखाने कथा आफै पूर्ण छ । गाउँखाने कथाको परिभाषा दिने क्रममा अनेक विद्वानहरुले आफ्नो आफ्नो दृष्टिकोणको भनाइ व्यक्त गरेपनि अझै यसको पूर्ण परिभाषा भने छैन् । गाउँखाने कथाको आफ्नौ स्वाभाव, रूप स्वरूप र विशेषताहरु विद्यमान रहेका छन् । यस्तैगरी यस अमूल्य विधा गाउँखाने कथाको वर्गीकरण गरी विविधमा वा अन्य भनेर बाँकि गाउँखाने कथालाई राखेको पाइन्छ । यसरी यस तथ्यबाट गाउँखाने कथाहरु असङ्ख्य रहेको तथ्य प्रमाणित हुन्छ ।

गाउँखाने कथा मनोरञ्जन तथा बौद्धिक कुशलतामा सलबलाएको सामाजिक साँस्कृतिक प्रतिबिम्ब हो । ग्रामीण जीवन अन्धविश्वास र अन्धपरम्परामा जर्जरित छ । तिनमा शैक्षिक चेतना छैन । प्रायः धामी झाक्रीमा आधारित तिनको जीवनदर्शन

पुराना कुरामै रुमलिएको छ । यति हुँदाहुँदै पनि साहित्यिक कलाकारको व्यक्तित्वका रूपमा लोकजीवनले गाउँखाने कथाद्वारा धेरै कुरा दिएको छ । तिनमा जीवनका विद्यालय महाविद्यालयमा बसेर खारिएका चुट्किला खुट्खिला र भरिला अनुभवका रमाइला किरण पाइन्छन् ।

जीवनका अनुभूति र अभिव्यक्ति मानिसले भोग्ने, हेर्ने, हाँस्ने, खेल्ने, गाउने, नाच्ने, रमाउने आदि क्रियाकलापसित सम्बन्धित भएरै आउछन् । तिनैका माझबाट उसको दृष्टिकोण प्रस्टिन्छ । जीवनदर्शन परिलक्षित हुन्छ । गाउँखाने कथामा पनि सामाजिक, साँस्कृतिक परिवेश तथा वातावरणकै प्रभावमा लोकले जीवनलाई आफ्ना ढाँचामा परिचालित गरिरहेको देखिन्छ ।

यस रूपमा लोकजीवनको सुख दुःख सपना विपनाको प्रतीकात्मक तत्व नै गाउँखाने कथा हो । संक्षेपमा त्यहाँ आफ्नै किसिमको संसार अँगालिएको छ । त्यहाँ जीवनका आफ्नै आधार संगालिएका छन् ।

# सन्दर्भग्रन्थसूची


१. आचार्य गोविन्द "राप्ती लोकसाहित्य" (काठमाण्डौं, पैरवी प्रकाशन, २०६४)

२. उपाध्याय डा. कृष्णदेव, लोकसाहित्य की भूमिक, इलाहावाद : साहित्य भवन प्रा.लि., १९७७ इ. ।

३. गिरी जीवेन्द्रदेव "लोकसाहित्यको अवलोकन" (काठमाण्डौ एकता प्रकाशन, २०५०)

४. जोशी सत्यमोहन, हाम्रो लोकसंस्कृति, काठमाण्डौ : रत्नपुस्तक भण्डार २०१४ ।

५. थापा धर्मराज र हंसपुरे सुवेदी, नेपाली लोकसाहित्यको विवेचना, काठमाण्डौ : त्रि.वि.पाठ्यक्रम विकास केन्द्र, २०४१ ।

६. तमोट रत्नबहादुर, गाउँखाने कथा काठमाण्डौ : बुढानिलकण्ठ स्कूल, २०३२ ।

७. पराजुली कृष्णप्रसाद, नेपाली उखान र गाउँखाने कथा, रत्नपुस्तक भण्डार, काठमाण्डौ : दास्रो संस्करण, २०४७ ।

८. प्रधान अमरमणि - पारसमणि, नेपाली चल्ती उखान, दार्जिलिङ :पि.एम. एन्ड सन्स, १९५६ ई. ।

९. बन्धु चुडामणि, नेपाली लोकसाहित्य, काठमाण्डौ : एकता बुक्स, २०५८ ।

१०. भट्ट देवदत्त "गाउँखाने कथाको अध्ययन"(रत्न पुस्तक भण्डार, काठमाण्डौ, २०५५)

११.मिश्र विक्रमादित्य, पहेली-कोश, पटना : विहार राष्ट्रभाषा-परिषद, २०३८ ।

१२. शर्मा प्रा. मोहनराज र डा. खगेन्द्रप्रसाद लुइटेल"लोकवार्ता विज्ञान र लोकसाहित्य, भोटाहिटी, काठमाण्डौःविद्यार्थी पुस्तक भण्डार, २०६३ ।

१३. सुवेदी वालकृष्ण, 'राप्ती अञ्चलका प्रसिद्ध केही उखान-टुक्काहरू' हाम्रो संस्कृति, वर्ष ३, अंक २, २०२५ ।

# परिशिष्टाङ्क

| थारु भाषामा गाउँखाने कथाहरू | नेपाली भाषामा रूपान्तरण |
|---|---|
| १. उक्ठा काठ बौराइहस करथ जानो का हो ?<br>- ढेंकी | १. सुकेको काठ पागल झै गर्य के हो ?<br>- ढिंकी |
| २. पाँदन काठ झकझुम्भर फारा जै फारा तै नाऊ जानो का हो ?<br>- माटिक भाँरा | २. पाँदन काठ लटरम्म फल जतिफल व्यत्ति नाम के हो ?<br>- माटाका भाँडा |
| ३. घर बुरल, गाउँ बुरल, शहर बुर जाई कैली चिरैया उत्रैती जाई जानो का हो ?<br>- जलकुम्बी | ३. घर डुब्यो, गाउँ डुब्यो, शहर डुब्यो हरियै चरा तैरिदै गयो के हो ?<br>- जलकुम्भी |
| ४. घरेम घर पैठे जानो का हो ?<br>- छाता /छतरी | ४. घरमा घर पस्छ के हो ?<br>छाता /छतरी |
| ५. गनगनही बुरियक भन्सा मिठ जानो का हो ?<br>- मधुक रस | ५. गनगनही बद्धडीको भान्सा मिठो के हो ?<br>- माहुरीको रस (मह) |
| ६. बा पुतनके एकके नाऊँ नीटयाक नाउ घोलघोलिया जानो ऊ का हो ?<br>- आमक गुस्ली | .६. बाउ छोराको एउटै नाम नातिको ना घोलघोललिया जान त्यो के होला ?<br>- आँपको विउ |
| ७. दिदि बहिनीनके एक्के सिरन का हो ?<br>- कोरै /पस्थी | ७. दिदी बहिनीको एउटै सिरानी के हो ?<br>- केरा /दलिन |
| ८. दिदि बहिनीयनके उक्के चुत्तर जानो का हो ?<br>- लसुन | ८. दिदी बहिनीको एउटै चाक के हो ?<br>- लसुन |

| | |
|---|---|
| ९. तेर रुखवक बरेमठि पानी जानो का हो ?<br>- दारु | ९. बाङ्गो रुखको साह्रै मिठो पानी जान के हो ?<br>- रक्सी |
| १०. खै-खै बाजे मै आगे जाउ जानो का हो ?<br>- लट्ठी | १०. खै-खै बाजे म अघि जाऊँ के हो ?<br>- लट्ठी |
| ११. करिया डारु, लाल निकारु, मारु कचाकच जानो का हो ?<br>- लोह पिटलक | ११. कालो हाल्छ, रातो निकाल्छ, हाने कचाकच जाने के हो ?<br>- फलाम पिटेको (ठटाएको) |
| १२.बिया खालेना चोक्टा लगादेना जानो का हो ?<br>- खोङ्घिया | १२. बिउ खानु चोक्टा रोप्दीनु के होला ?<br>- ढडिया |
| १३. देङ बुहियक गुलगुल कपार जानो का हो ?<br>- ढेकिक टाँरा | १३.अग्ली बुढीको कोमल टाउका के हो ?<br>- ढिकीको लट्ठी |
| १४.वनवामे बर्छी के गारे जानो का हो ?<br>- कुरला | १४. जङ्गलमा भाला को गाड्छ के हो ?<br>- कुरिलो |
| १५.सोरहर रुखवाक टिपुन्नी गाँठ जानो का हो ?<br>- गोन | १५.सोभ्फो रुखको टुप्पोमा गााठो के हो ?<br>- गूंढ |
| १६. पुरुवसे आइल मैना एकगोर दुई दै ना जानो का हो ?<br>- नम्रैनिक पाता | १६. पूर्ववाट आयो मैना एक खुट्टा दुई पखेटा के हो ?<br>- मालुकाको पात |
| १७.हरियर चिरैयाक दुई पुछी जानो का हो ?<br>- दोना | १७. हरियो चरीको दुई पुच्छर के हो ?<br>- दूना |

| | |
|---|---|
| १८.बङ्गारा करङ् वा मनै नै हुँ, हावामे उर्थु हवाइ जहाज नै हुँ बरेलम्मा पुछि बा मजोर नै हुँ जानो का हो ?<br>- चङ्गा | १८. बङ्गाल करङ छ, मान्छे होइन हावामा उड्छ, आवाइजहाज होइन, धेरै लामो पुच्छर छ, मयूर होइन के हो ?<br>- चङ्गा |
| १९. छुटुमुटी लवन्डी फँार कसले नाचटा जानो का हो ?<br>- टेकुइ | १९. सानीसानी नानी पटुकी कसी नाच्छिन के हो ?<br>- टेका |
| २०. भाँरा पाक जैना वेन भात नै रिभ्फना जानो का हो ?<br>- अमरुट | २०.भाँडा पाक्छ बरु भात पाक्दैन के हो ?<br>- अम्बा (बेलौटी) |
| २१.फरेवर एक-एक थो पाकेवर भ्फोक्सा जानो का हो ?<br>- ढिक्री | २१. फल्दा एक-एकवटा पाक्दा भ्फुप्पैसंग के हो ?<br>- ढिक्री |
| २२. उज्जर बर्धक चक्ठीम फोंग जानो का हो ?<br>- घरक मोका | २२. सेतो गोरुको कम्मरमा प्वाल जान के हो ?<br>- घरको भ्याल |
| २३.पुरुवसे आइल करी सपासप मारी जानो का हो ?<br>- निंद | २३. पूर्वबाट आउदै गर्छ, सपासप मार्दै गर्छ के हो ?<br>- निंद |
| २४. एक ईटक ४५ कुवाँ १६ पनिहरिन जानो का हो ?<br>- मधुक छाता | २४. एक ईटाको ४५ कुवाँ १६ पधेर्नी के हो ?<br>- मौरीको चाका |
| २५.आइदिनक अघाइल तिहवाश्कि भुखाइल जानो का हो ?<br>- भौका / बाकस | २५. सबै दिन अघाएनु तर चाडपर्वमा भोकाउनु के होला ?<br>- बाक्सा / दराज |

| | |
|---|---|
| २६.एकथो ढेलमे सात थो फोङ्ग जानो का हो ?<br>- कपार | २६. एउटा माटोको डल्लामा सातबटा प्वाल<br>- टाउको |
| २७.खटखट खटान, भूइया कुटान तीनमुरी दशगोरसँगे चलान जानो का हो ?<br>- हर जोटलक | २७. खटखट चलान, भुइ फुटान, तीन टाउको दश खुट्टासंगै चलान<br>- हलो जोतेको |
| २८. छुटीमुटी रुखली, रुखलीमे कुठली कुठलीमे चाउर जानो का हो ?<br>- अर्सी | २८. सानोसानो रुख, रुखमा डेरी डरी, डरीमा चामल भन के हो ?<br>- आलस |
| २९. फागुनके फुल चैतके बोटिया जे नै जानी उहे छोरी खटिया जानो का हो ?<br>- आम | २९. फाल्गुनको फुल चैतको हातेलो जो जान्दैन उसले छोड्छ खटिले<br>- आँप |
| ३०. सोट्टैल करुवाक मोट्टैल मार जानो का हो ?<br>- अण्डा | ३०. चिल्लो करुवाको बाक्लो जाउलो ?<br>- अण्डा |
| ३१.तारे तासा उप्पर तासा बीच्चेम देखो लाल तमासा जानो का हो ?<br>- मसरी | ३१. तल तासा उप्पर तासा बीचमा हेर रातो तामासा<br>- मसुरो |
| ३२.भित्तर मास, उप्पर डोगर जे नै जानी ओकर निकरी सोंगर जानो का हो ?<br>- घोंघी/सुतही | ३२. भित्र मासु, माथि हड्डी जो जान्दैन ओकर निस्कन्छ फोडा ?<br>- घोंघी/सिपी |

| | |
|---|---|
| ३३. ओरीजोरी दुई तिसेरी, जहाँ पानी उहाँ धोरी जानो का हो ? | ३३. वरपर एक जोडा, जहाँ पानी त्यही छोडा ? |
| - पौवा, जुत्ता, चप्पल | - जुत्ता, चप्पल, खराउ/पौवा |
| ३४. तेर फारा, उप्पर जर जानो का हो ? | ३४. तल फल, माथि जरा |
| - जाल | - जाल |
| ३५. छालामे छाला जे नै जानी ऊ बाँदर के शाला जानो का हो ? | ३५. छालामा छाला जो जान्दैन ऊ बन्छ बाँदरको शाला ? |
| - पातगोभी | - बन्दगोभी |
| ३६. चिचिपर पापा जानो का हो ? | ३६. चिचीमाथि पापा |
| - नोह | - नङ |
| ३७. रातभर कुटली खुडी न बुसी जानो का हो ? | ३७. रातभरि कुट्यौं कनिका र भुस |
| - आँख झिम्कइलक | - आँखा झिम्काएको |
| ३८. तीन भाई नाजे १२ भाई हेरे जानो का हो ? | ३८. तीन भाई नाच्छन् १२ भाई हेर्छन् |
| - घडी | - घडी |
| ३९. हेर्थु तुही देख्छु मही जानो का हो ? | ३९. हेर्छु तेलाई देख्छु आफैलाई |
| - ऐना | - ऐना |
| ४०. पानी खाके आगी ओक्लैना जानो का हो ? | ४०. पानी खाएर आगो ओकल्नु भन के हो ? |
| - बिजुली | - विजुली |
| ४१. टुककुल बुढिया ताल ठहाई जानो का हो ? | ४१. टुककुल बुढी ताल ठहाई जानो का हो ? |
| - बन्सी | - बल्छी |

| | |
|---|---|
| ४२. दिदिबहिनीनके अक्के मुह, सास फेरेवर पालिक पाला जानो का हो ?<br>- लाहारिनके भाँठी | ४२. दिदी बैनीको एउदै मुख साँस फेर्दा पालैसित भन के हो ?<br>- भाती |
| ४३.एकथो छेगरियक महा लम्मा कान ले बुढिया बल कैके तान जानो का हो ?<br>- मुरै | ४३. एउटा बाखाको धेरै लामो कान लौ बुढी बल गरेर तान<br>- मूला |
| ४४. डगरे डगर नेंगटा भोरिया भराइटा जानो का हो ?<br>- मुर्गी | ४४. बाटै बाटो हिड्छ झोली भर्दै जान्छ भन के हो ?<br>- कुखुरा |
| ४५. पिसजाइथ, काटजाइथ बाँटजाइथ खाजाइथ लेकीन चवा नै जाइथ जानो का हो ?<br>- तास | ४५. पिसिन्छ, काटिन्छ, बाँडिनछ, खाइन्छ तर चपाइदैन भन के हो ?<br>- तास |
| ४६. सेर न सवैया दूईहाथले उठूइया जानो का हो ?<br>- टोपी | ४६. धार्नी न बिसौनी, दुई हातले उचौली भन के हो ?<br>- टोपी |
| ४७. डाइ झुरल रना छाइ नेगना जानो का हो ?<br>- ताला | ४७. आमा टङ्गिन्छे छोरी हिडिरहन्छे<br>- ताल्चा/चाभी |
| ४८. जत्ने तानो ओट्ने छोट हुइना जानो का हो ?<br>- माखुर | ४८. जति तान्यो उति छोटो हुन्छ भन के हो ?<br>- चुरोट |
| ४९. महालम्मा लहरक महौमिठ फारा जानो का हो ?<br>- लदिया व मच्छी | ४९. धेरै लामो लहराको धेरै मिठो फल<br>- नदी र माछा |

| | |
|---|---|
| ५०. रात पसरी दिन ढोंगरी जानो का हो ?<br>- गोन्द्री | ५०. राति फैलिने दिउँसो बेरिने भन के हो ?<br>- गुन्द्री |
| ५१.उचवा गाउँ आगलागे खलवागाऊँ धुवाएं जानो का हो ?<br>- हुक्का | ५१. माथिल्लो गाउँमा आगो लाग्दा तल्लो गाउँमा धुवायो ?<br>- हुक्का |
| ५२. अग्दल चिरै की बग्दल चिरै ओकर आँरा सौ पचास जानो का हो ?<br>- मकै | ५२. अग्दल चरा की बग्दल चरा उसको अण्डा सय पचासे ?<br>- मकै |
| ५३.अहाँ-अहाँ ६ गोर दुई वाँहा पिठपर पुँछी तोर तमास जानो का हो ?<br>- तराजु | ५३. अहँ-अहँ ६ खुट्टा दुई हात पिठ्ठिउ मा ठपुच्छर तेरो तमास<br>- तराजु |
| ५४.लोहक गग्रा तामक ढप्पक जानो का हो ?<br>- खेभ्करी | ५४. फलाको गाग्री तामाको ढककन<br>- खजुरी |
| ५५. ठप्पर चम तरे गम जानो का हो ?<br>कोदरा | ५५ हान्दा चम्किने तल दुख्ने<br>- फरुवा /कोदालो |
| ५६.आकार छाँटे हुइलेसे फेन धेउर गुन लगाइथ, सही उपयोग कैलेसे धेउर नाम कमाइथ जानो का हो ?<br>- कलम | ५६. आकार छाँटे धेरै गुन लगाउँछ, सही उपयोग गरे पनि धेरै नाम कमाइदिन्छ ।<br>- कलम |
| ५७. एक खुँटक बङ्गाली घर जानो का हो ?<br>- छाता | ५७. एक खामाको बंगाली घर<br>- छाता |
| ५८. चिरैया नैहो थोह्ट बतिस्, पस नैहो गोर बतिस्, अपने गल्ती नैकरथ, परजैथिस् ते पाछे नै हतथ ।<br>- चुलेसी । | ५८. चरी होइन चुच्चो छ, जन्तु होइन खुट्टा छ,आफू बिराम गर्दैन, परी आए पछि सर्दैन ।<br>- चुलेसी । |

| | |
|---|---|
| ५९. खाउँ खाउँ रोटी खाइ नैसेक्ना, दाउँ दाउँ माली दाइ नै सेक्ना, टेकु टेकु लट्ठी टेके नै सेकना<br>- दिन, बघवा, सँपवा | ५९. खाउँ खाउँ रोटी खाइ नसक्नु, दाउँ दाउँ बहर दाइ नसक्नु, टेकु टेकु लट्ठी टेकी नसक्नु<br>- सूर्य, बाघ, सर्प |
| ६०. गोर नैहुइस दुरदुर जाइथ, मुह नैहुइस बात बतवाइथ ।<br>- चिठी | ६०. गोडा छैनन टाढा जान्छ, मुख छैन कुरा गर्छ ।<br>- चिठी |
| ६१. खल्वा खेतवामे भुलभुल पानी, भुलभुल पानीमे पम्फै रानी, पम्फै रानीहे बघवा तानी<br>- तावामसे रोटी निकरलक | ६१. गैरी खेतमा बुलबुले पानी, बुलबुल पानीमा पम्फै रानी, पम्फै रानीलाई बाघले तानी<br>- ताइबाट रोटी झिकेको |
| ६२.कहाँ फुलथ लाली गुराँस कहाँ फुलथ जाई कहाँ जन्मला राम लछमन कहाँ सीता माई<br>- पहारमे फुलथ लाली गुराँस गडारमे फुलथ जाई, अजुध्या जन्मला राम, जनकपुर जन्मली सीता माई । | ६२. कहाँ फुल्छ लाली गुराँस, कहाँ फुल्छ जाई, कहाँ जन्मे रामलछुमन, कहाँ जन्मिन सीता माई<br>- लेकमा फुल्छ लाली गुराँस, बेसी फुल्छ जाई, अयोध्या जन्मे रामलछुमन, जनकपुर जन्मिन सीता माई । |
| ६३. डारेबेर लुल, निकारेबर आँखर<br>- रोटी पकाएको । | ६३. हाल्दा लुली, झिक्ता दरो<br>- रोटी पकाएको |
| ६४. नेङगटी वा आँख छल्तीबा ।<br>डोका बोक्लक । | ६४. हिंडदैछ, आँखा तर्दै छ ।<br>डोको बोकेको |
| ६५. घुमाइल घुमाइल पोखरी नोहक छेदल घाउ, यी खिस्सा नै जनुइँया मुसवा पकाके खाऊ । | ६५. घुमाई घुमाई पोखरी नङ छेड्ने घाउ, यो कथा नजान्ने मुसा पोली खाऊ ।<br>- टपरी गाँसेको |

| | |
|---|---|
| ६६. तामक डाँठ, लोहक फारा ।<br>- फापर । | ६६.तामे नल, फलामे फल<br>- फापर । |
| ६७. नौ तले घरक मोका न डवार ।<br>- बाँस । | ६७. नौ तले घरको झ्याल न ढोका<br>- बाँस |
| ६८. आगीमे लिहुरल तीन भैयानके घेचम एक्के सिक्री ।<br>- अदहनी । | ६८. आगोमा उभिएर तीन भाई निहुरीएका घाटीमा एउटै सिक्री भिरेका ।<br>- ओदान । |
| ६९. कुँवाक उप्पर डँरवा, डँरवाक उप्पर मैदान, मैदानमे बनुवा, बनुवाम नुकल चोर ।<br>- मुह, नाक, भुत्ला ओ चिल्लर । | ६९. कुँवामाथि डाँडो, डाँडोमाथि चौर, चौरमाथि जंगल, जंगलमाथि चोर लुकेका<br>- मुख,नाक, कपाल, जुम्रा |
| ७०. पहिले जनलु मै ओकर पाछे जन्मला बरकादादु, बाबा जन्मलक हम्री देख्ली, पाछेसे जन्मला छुट्की भैया ।<br>- दुध, आठादही, माठादही, घिउ । | ७०. पहिले जन्में आफैं, त्यसपछि जन्मे जेठा दाइ<br>बा जन्मेको हामीले देख्यौं पछिबाट जन्मे कान्छा भाइ ।<br>- दुध, दही, मही, घिउ |
| ७१. यहोर भितम कुकरा भुकथ, औंहोर भितम पुँछी नुकथ ।<br>- हकवा हक्ल्क । | ७१. वारि भित्ता कुकुर भुक्छ, पारि भित्ता पुच्छर लुक्छ ।<br>- सिकार खेलेको |
| ७२. यहपार सिम ओहपार सिम, खोलवाक ढिकवामे डिमडिम ।<br>- लुग्गा धोइलक् | ७२. वारि सिम पारि सिम, खोलाका तीरमा डिमडिम<br>- लुगा धोएको |
| ७३. छुटुनक बाबु लुटपुट कर्थिन, भातक दुट्ढाले पेट भर्थिन्<br>- चुल्ही पोटलक् | ७३. सानी नानी लुतुपुत गर्छिन, भातका सिताले पेट भर्छिन<br>- चुल्हो पोटेको |
| ७४. सुल्यार बिलिरिया सोझ रुखवम तोर भुँर बिल्ताके मोरिक मुहेम<br>- केरा खाइलक । | ७४. सुरी बिराली तेर्स्रो रुखमा, तेरो भुँडी फर्काई मेरो मुखमा<br>- केरा खाएको |

| | |
|---|---|
| ७५.उज्जर गईया पानी पिए गइल एक्के घचिक क्वाँ से बोलल् | ७५. सेती गाई पानी खान गई, एकै छिनमा ब्वाँ कराई |
| - शंखके मुहेम पानी डारके बजाइलक् | - शङखको मुखमा पानी हाली बजाएको |
| ७६. स्वार्र, स्याखुरे खाल्ह्वाम झरल पाखुरे भुइयामे नढारो बाबा ठाकुरे । | ७६. स्वार्र स्याखुरे खोला झरे पाखुरे, भुँइमा नराख बाबा ठाकुरे । |
| - सेल पकाइलक् | - सेल पकाएको |
| ७७.स्वर्गमे पानी गर्भमे बच्चा | ७७. स्वर्गमा पानी, गर्भमा नानी |
| - मल बैठैलक् । | - रक्सी पारेको |
| ७८.हथिया छिरगैल, पुछी अंटकगैल | ७८. हात्ती छिऱ्यो पुच्छर अडक्यो |
| - लुग्गा सिलक् । | - लुगा सिएको । |
| ७९.एकथो बनवामे के हो के हो खैतिबा हेग्तिबा । | ७९. कुनै एउटा बनमा के हो के हो खाँदैछ, हग्दैछ । |
| - काठी काट्लक | - दाउरा काटेको |
| ८०.खइनाते खइनु, स्वाद पता नै पैलु | ८०. खान त खाएँ, तर स्वाद पाइन |
| - किर्या खैलक | - किरिया खानु |
| ८१. गोर काट्के रुखवा चिहुर्न । | ८१. खुट्टा काटी रुख चढी । |
| - जुत्ता निकारके रुखवा चिहुर्लक । | - जुत्ता फुकालेर रुख चढेको । |
| ८२. गरीब जत्रा फँकैथा धनी ओत्रे गोझुम् धैथा | ८२. गरीब जति सोरेर फ्याक्छन धनी जति खल्तीमा हाल्छन् । |
| - सेफ | - सिँगान पुछेको |
| ८३. हड्यार सारी फरक्क पार्के करिया बिलम् ख्वत्ल्याक्क दर्ना | ८३. पहेँलो सारी फरक्क पारी, कालो दुलामा ख्वत्ल्याक्क हाली । |
| - केरा खैलक | - केरा खाएको |
| ८४.पानीमे रमाइथ जलपरी नै हो . सोनक गुडा फराइथ रुखवा नइहो | ८४. पानीभित्र रमाउछिन् जलपरी होइनन् सुन गेडी फलाउँछिन् रुख होइनन् । |
| - धान लगइलक | - धान रोपेको । |
| ८५. बरका गहराक रुवा टुरे नैसेकना । बदरी । | ८५. ठूला गराको कपास टिप्न नसकिने । बादल । |
| ८६.जत्र हेर्ना ओत्रे सुग्घर बिल्गाइथ छुट्की गाउँ, सक्करही उठके जनाउ | ८६. जति नै हेऱ्यो उति नै राम्रो देखिन्छ सानो गाउँ, |

| | |
|---|---|
| देना का हो ओकर नाउँ ।<br>- *फनक्क* घुमके नाच्न व खेल्ना उहेहो मोर गाउँ, सक्करही उठके जनाउ देना मुर्घी ओकर नाउँ । | सखारै उठी जनाउ दिने के होला त्यसको नाउँ ।<br>- *फनक्क* घुमी नाच्ने र खेल्ने त्यही हो सानो गाउँ सखारै उठी जनाउ दिने कुखुरो होला नाउँ । |
| ८७. मुहेसो पइना, मुहेमे बह्रइना<br>- भुईकटहर । | ८७.मुखबाट जन्माउने मुखबाटै हुकाउने ।<br>- भुईकटहर । |
| ८८.लहरा दाई, पहरा बाबा, फुलन्ते दिदी, भकुन्डे भैया ।<br>- कोँहरा । | ८८. लहरे आमा, पहरे बाबु, फुलन्ते दिदी, भकुन्डे भाइ ।<br>- फर्सी । |
| ८९. सँरवाक जिउभर काँटेकाँटा ।<br>- तिते करेला । | ८९. साँढेका जिउभरि काँडैकाँडा ।<br>- तीते करेला । |
| ९०. छुटुनक बाबुक पेट चिरल ।<br>- गोहुँ । | ९०. सानी नानीको पेट चिरिएको ।<br>- गहुँ । |
| ९१. छोट रुखवा बा चौंह्रेबर बथाइथ ।<br>- सुस्ना । | ९१. सानो रुख छ, चढ्दा दुख्छ ।<br>- सिस्नु । |
| ९२. सोनक खोर्यामे घाँसक धक्कन ।<br>- गांजर । | ९२. सुनको कचौरीमा स्याउलाको बिर्को ।<br>- गाजर । |
| ९३. उज्जर बुह्रियाक गालेमे धर्कि धर्का ।<br>- नसुन । | ९३. सेती बुढीको गालामा चिरै चिरा ।<br>- लसुन । |
| ९४. एक जाने नच्ना, पाँच जाने हेर्ना, चार ।जाने नुक्ना ।<br>- सुर्ती मेठ्लक । | ९४. एकजना नाच्ने, पाँचजना हेर्ने, चारजना लुक्ने ।<br>- सुर्ती माडेको । |
| ९५. एकथो देशमे राजा रहे खावाए सक्कुहुन मिठ खैना ।<br>- चकिया | ९५. एकादेशमा राजा थिए, खुवाउथे सबैलाई मिठो खाजा ।<br>- घट्ट । |
| ९६. एक मुट्ठा जिरीक साग घिउ तेलले छौकोन, मुवल मदरिया खेतवामे घुमथ ऊ काहो जानोना ।<br>- हरक फाह्र । | ९६.एक र मुठी जिरीको साग घिउ तेलल ेझानन, मरेको माछो खेतै खेत डुल्छ त्यो के हो जानन ।<br>- हलोको फाली । |

| | |
|---|---|
| ९७. घण्टौं नेगथ तब्बोपर जत्ठीक तत्ठी रहथ ।<br>- चकिया | ९७. घण्टौ हिड्छ जहाँको तही अड्छ ।<br>- जातो /घट्ट |
| ९८. तनक्क तन्काके तानो दुई पुछी छ थो कान<br>- हर जोतलक | ९८. तनक्क तन्काएर तन दुई पुच्छर छ वटा कान<br>- हलो जोतेको |
| ९९. आगे जैतिबा पोका छोर्तिबा ।<br>- कौँहरा, लौका, खरभुज्जा अस्ते । | ९९. अघि बढ्दै छ पोको छोड्दै छ ।<br>- फर्सी, लौका, खरबुजा आदि । |
| १००.दाईकले छाइ बोक्सिन ।<br>- मिर्चा । | १००. आमा भन्दा छोरी बोक्सी<br>- खुर्सानी |
| १०१. एकथो खाके सभामे बैथो दोसुर खाके बनवामे पैठो ।<br>- अदुवा व मुरई । | १०१. एउटा खाई सभा पस्नु अर्को खाई बन पस्नु ।<br>- अदुवा / मुला । |
| १०२. एकथो जा कहाथ एकथो आ कहाथ ।<br>- केरा व बाँसक पतिया । | १०२. एउटाले जा भन्छ, अर्कोले आ भन्छ ।<br>- केरा र बाँसको पात । |
| १०३. चिरईया नइहो उरथ, दिया नइहो बरथ ।<br>- जोगन्या । | १०३. चरो होइन उड्छ, बत्ती होइन बल्छ ।<br>- जुनकिरी । |
| १०४. एकथो चोरवा रहे भत्लापुरमे कानपुरमे आके पक्रावा पाइल, हाँथेमे लेके सोचलेसे नोहपुर मे मर्वा पाइल ।<br>- चिल्लर । | १०४. एउटा चोर थियो कपालपुरमा, कानपुरमा आएर पक्रियो, हातमा लिई बिचार गर्दा नङपुरमा जई मासियो ।<br>- जुम्रा । |
| १०५.श्रीपेच बा राजा नइहो, पखना बा पङखा नइहो, नोह बा भालु नइहो ।<br>- मुर्घन्या । | १०५. श्रीपेज छ राजा होइन, पखेटा छन् पङ्खा होइन, नङग्रा हुन भालु होइन ।<br>- कुखुरा । |
| १०६. बद्रीक फल भुइँयामे गिरल गिर्तिसाइट हेरागइल ।<br>- पठरा । | १०६. आकाशको फल पातालमा झ्र्यो झर्ना साथै बिलाइ मऱ्यो ।<br>- असिना । |

| | |
|---|---|
| १०७.अप्ने बा करया नाउ बतिस रात । | १०७. आफू छ काली नाम छ राती । |
| - रात । | - रात । |
| १०८. एक्थो मैदानमे एक्थो रोटी । | १०८. एउटा चौरमा एउटै रोटी |
| - दिन । | - सूर्य |
| १०९. जहौँरबा खल्धार ओंहरे मन धनमनाइल । | १०९. जता पऱ्यो ओराली उतै मन बराली । |
| - पानी । | - पानी । |
| ११०. जत्र ठोक्बो ओत्रे मजा । | ११०. जति ठटायो उति राम्रो । |
| - मन्द्रा । | - मादल । |
| १११. एकथो कुह्वामे चार भाई कुद्गला । | १११. एउटा पोखरीमा चार भाई हाम फाल्छन् । |
| - दुध दुहलक । | - दुध दुहेको । |
| ११२. सुत सुत बुह्रीया मै पितम् । | ११२. सुत सुत बुढी, म हान्छु । |
| - जुत्ता । | - जुत्ता । |
| ११३. हिसिक्क बुह्रिया खिस्रिक्क दाँत । | ११३. हिस्रिक्क बुढी, खिस्रिक्क दाँत । |
| - थैली । | - थैली । |
| ११४. हाँथ न गोर बित्ता नप्ना सिपार । | ११४. हात न खुट्टा, बित्ता नाप्न सिपालु । |
| - जोंक्वा । | - जुको । |
| ११५. उसनलेसे नै पाकथ, जरइलेसे जरथ । | ११५. उसिन्दा पाक्दैन, पोल्दा डढछ । |
| - भुत्ला । | - कपाल । |
| ११६. करिया फोंङघेम लाल पुलिस । | ११६. कालो ओडारमा रातो पुलिस । |
| - जिभ । | - जिब्रो । |
| ११७. पहारके बीच्चे खोभल्टी । | ११७. घ्याम्पे पहाडको बीचमा खाडल । |
| - धोंह्री । | - नाइटो । |
| ११८. जत्रे तन्बो ओत्रे जाइथ । | ११८. जति तान्छ उति जान्छ । |
| - साँस । | - सास । |
| ११९. रुखवा कट्लक बारा वर्ष हुगइल पतिया । | ११९. रुख काटेको बार बर्ष भयो, पात |
| - जसके तस । | - जस्ताको तस्तै । |

| | |
|---|---|
| १२०. आउर बेला बिल्गोना दिन आइलेसे नै बिल्गैना । | १२०. अरुबेला देखिने, सूर्य आउदा नदेखिने । |
| - तोरइया । | - तारा । |
| १२१. आगी न पानी रोटी पकैना बाबु | १२१. आगो न पानी रोटी पकाउने नानी । |
| - मध | - मौरी । |
| १२२. अँधार कोनवामे करेक्नी बुढिया । | १२२. अँध्यारो कुनामा काली बुढी । |
| - हाँरी । | - हाँडी । |
| १२३. खाइबर मधुकरस थुकेबर रुवा | १२३. खाँदा मह, थुक्दा कपास । |
| - खुभ्री | - उखु । |
| १२४.इङ्गेबिङ्गे तीन सिङ्गे । | १२४. इङ्गेबिङ्गे तीन सिङ्गे |
| - त्रिशुल । | - त्रिशुल |
| १२५.अँधारेमे हेरइथु, ओजारेम आइथुँ जहाँ जाइथु ओहरे ओहरे जइथु । | १२५. अँधेरीमा हराउँछु, उजेलीमा आउँछु, जता जान्छन् मेरो उतेतिर धाउँछु । |
| - छाँही । | - छाया । |
| १२६.बदरीमे टाँगल, भुइयाक बेनुह्वा आगीक करजा, पानी डोंगार | १२६. आकाशको टाँगो, धरतीको बार, आगाको कलेजो, पानीको हाड । |
| - इन्द्रेणी, बदरी, पथरा, ज्वालामुखी । | - इन्द्रणी, बादल, असिना र ज्वालामुखी । |
| १२७. आगे रहुँ काइल, बीच्चेम हुइलु लाल, यीहे पापीक ओरसे हुइलु कौवाहस करिया । | १२७. अघि म हरियो थिएँ, पछि भए राती, यहि वैरीका फेलापरे कागजस्ती काली । |
| - चुक । | - चुक । |
| १२८.अचम्मके चिरईया, आगीमे परल, पुँछीले ।पानी खइती ऐया ऐया करल । | १२८. अचम्मकी चरी आगोमा परी, पुच्छरले पानी खाँदै ऐया ऐया गरी । |
| - दिया, बाटी । | - दिया, कुपी । |
| १२९.कान पकरके नाकेम बैठठुँ हेरे परथते आँखी छोप्थु । | १२९. कानमा समाई नाकमा बस्छु हेर्नुपरे आँखै छोप्छु । |
| - चस्मा | - चस्मा |

| | |
|---|---|
| १३०. चार कोन्वाक बा ईटा नइहो, बात बट्वाइथ मनै नइहो ।<br>- रेडी । | १३०. चारपाटे छ ईटा होइन, कुरा गर्छ मान्छे होइन<br>- रेडियो |
| १३१. मुह बतिस सँप्वा हसं, आगीम बइठथ् मुहेओरसे चुहइती मुहेम पैठथ ।<br>- चियादानी / केट्ली । | १३१. थुतुन छ सर्प जस्तो, आगो माथि बस्छ मुखबाट तुर्क्याउदै मुखभित्र पस्छ ।<br>- चियादानी । |
| १३२.दुइथो गोर बतिस सइँकिल नइहो डुगुरथ मोटर नइहो ।<br>- मोटरसाइकल । | १३२.दुई पाङग्रा छन् साइकल होइन, दुगुर्छ मोटर होइन<br>- मोटर साइकल |
| १३३. नङग्री बाबु हे कखउरीतिर डावके करङ छामेबर मिठ रहनमे हाँसथी<br>- गीतार ( तमौरा ) । | १३३. नङग्री नानीलाई काखीमा च्यापी करङ छाम्दा मिठो स्वरमा हाँसी ।<br>- गितार । |
| १३४.पख्ना रहलक उर्नाह घर पर्था मनै ओकरे भर ।<br>- चिलगारी । | १३४. पखेटा भएको उड्ने घर पर्दछ मानिस त्यसको भर ।<br>- हवाइजहाज । |
| १३५. अप्ने हो कागज भारी बतिस तागुद ।<br>- पैंसा । | १३५. आफू छ कागज, ठूलो छ तागत ।<br>- पैंसा । |
| १३६. कोठाभर पुलिसके डफ्फा ।<br>- सलाईक डब्बा । | १३६. कोठाभरि पुलिसको डफ्फा ।<br>- सलाइको डब्बा । |
| १३७. लवन्डिक धोतीमे चिल्लर ।<br>- जालमे मच्छी मरलक | १३७. नानीका धोतीमा जुम्रा ।<br>- जालमा माछा मारेको । |
| १३८. एक सिंघे गोर्वा हुँक्क हुँक्क करथ ।<br>- ढेकी कुट्लक । | १३८. एक सिंगे गोरु होक्का होक्का गर्छ ।<br>- ढिकी कुटेको । |
| १३९. बिना पहियाक मोटर लुग्गापर दौरे ।<br>- लोहा लगैलक । | १३९. पाङ्ग्राबिनाको मोटर लुगामाथि दौडिन्छ ।<br>- इस्त्री लगाएको । |
| १४०. भित्तर छेग्रा बाहेर लस्री ।<br>- तरुल । | १४०. भित्र खसी बाहिर दाम्लो<br>- तरुल । |

| | |
|---|---|
| १४१. पिठापर लाख गुडा ।<br>- जोन्ह्याँ । | १४१. पिठो माथि लाख गेडी ।<br>- चन्द्रमा । |
| १४२. सक्कुहुन तातुल गइलेसे अन्धार ।<br>- दिन । | १४२. सबैलाई तातै गएपछि रातै ।<br>- सूर्य । |
| १४३. घुमाइल तस्याएक पेटभर खटरा ।<br>- टेपरी । | १४३. घुमाउने थालको पेटभरी घाउ<br>- टपरी |
| १४४. थरवा मेहरवानके पुठ्ठा अक्केम बाँधल ।<br>- खुँटा ओ घारा । | १४४. जोइपोइको एउटै कम्मर पेटी<br>- तगारो । |
| १४५. मुवल गोर्वा गाउँघर घुमथ ।<br>- जुत्ता । | १४५. मरेको गोरु गाउँबेसी गई ।<br>- जुत्ता । |
| १४६.नेगती बा धोती सुखवइती बा ।<br>- चिफली किर्वा । | १४६. हिड्दै छ धोती सुकाउदै छ<br>- चिप्ले किरा |
| १४७. करिया चिरैयाक उज्जर पुँछी ।<br>- सुई सुट । | १४७. काली चरीको सेतो पुच्छर<br>- सियो धागो |
| १४८.जँहोर जइबो ओँहरे जाइथ ।<br>- छाँही | १४८. आफु जता गयो उतै जाने ।<br>- छायाँ । |
| १४९. हाँठे न गोरे रुखवा उँखारे ।<br>- पर्वतवा भस्कना । | १४९. हात न खुट्टा उखेल्छ बुटा ।<br>- पहिरो । |
| १५०. फरथ न फुलाइथ लेकिन छिट्वाभर बिकाइथ ।<br>- नोन । | १५०. फल्न पनि फल्दैन, फुल्न पनि फुल्दैन तर टोकरी भरी बिक्छ ।<br>- नुन । |
| १५१.बीस मुन्दा कटाई न गिरे बोक्ला, न बठाए, न आए रकत ।<br>- नोह । | १५१. बीस टाउके काटिन्छन् न छाला झर्छ न दुख्छ, न त रगत नै आउँछ ।<br>- नङ । |
| १५२.बनवामे जन्मल, बनवैमे बाह्रल घरे बाँधके पल्लेसे फेन नै मोटाइल<br>- खैलर व ठेक्वा । | १५२. वनमा जन्म्यो, वनैमा हुर्क्यो, घरमा ल्याएर पाल्दा कहिल्यै मोटाएन ।<br>- ठेकी र मदानी । |

| | |
|---|---|
| १५३. छुतुनका तामक तउला तउलाक भित्तर लोहक डब्बा, ओम्हे एक कर्छुल भात । | १५३. सानो सानो तामाको ताउली भित्र फलामको डिब्बा, त्यस भित्र एक पन्यु भात । |
| - रिट्ठा । | - रिट्ठो । |
| १५४. गने नै सेक्ना टेनाकपर घुम्नाहा छत, एक जाने बैठना का हो ओकर जात । | १५४. अनगिन्ती खम्बा माथि घुमाउने छत, एक जना बस्ने के हो त्यसको जात । |
| - मुढा । | - मुढा । |
| १५५. एक ढेक्री धान, निधके खाउ कि पकाके खाऊ । | १५५.एक डल्लो धान पोली खाउँ कि पकाइ खाऊ । |
| - आलु / पिडालु । | - आलु / पिडालु । |
| १५६.घर गइल मोका सोझ मै जाउ कहाँरसोझ । | १५६.घर गयो झ्यालबाट म जाउँ कहाँ बाट । |
| - जालके मच्छी । | - जालको माछा |
| १५७. नाउँका हो कहाँ बा बास कँहासे आइथ करथ सत्यानास ? | १५७. नाउँ के हो कहाँ छ बास, कताबाट आई गर्छ सत्यानास । |
| - भूइचाल । | - भूकम्प |
| १५८. उप्पर धर धर, तरे मोरीक घर ऊ घर भस्कीते मही केहका डर । | १५८. माथि धर धर, तल मेरो घर, त्यो घर भत्केर मलाई के को डर |
| - गब्डा । | - कर्कलो |
| १५९. कुवाँक पानी भलभल भलभल अइना । | १५९. इनारको पानी भुलभुल्ती आउने । |
| - आँस । | - आँसु । |
| १६०. उकथो सुपारी दुइथो बेपारी । | १६०. एउटा सुपारी दुई जना बेपारी |
| - गोंगैरा । | - गोब्रेकिरा । |
| १६१.टेकुटेकु लठ्ठी टेके नै सेक्लु । | १६१. टेकु टेकु लौरी टेकी नसक्नु । |
| - सँपवा । | - सर्प । |
| १६२. सर सर जैती आरा पर्ती । | १६२. परपर सर्छ, फूल पार्दै गर्छ । |
| - लुग्गा सिलक | - लुगा सिलाएको । |

| | |
|---|---|
| १६३. धर्तीक भित्तर सोनक फाह्न । | १६३. धर्तीमुनि सुनको फाली । |
| - बेसार । | - बेसार । |
| १६४.बिना पानी बन्सी लगाइथ । | १६४. पानी बिना बल्छी खेल्छ । |
| - बाँस । | - बाँस । |
| १६५. मुन्द्री घल्थाँ, मुन्द्री नइहो, बाहेर रहथ घरमे नइहो । | १६५. औंठी लाउँछन् औंठी होइन, बाहिर हुन्छ घरमा छैन । |
| - कुश । | - कुश । |
| १६६. कुद्गे सेकथ नेगे नइसेकथ | १६६. कुद्न सक्छ, हिड्न सक्दैन |
| - लड्डुया | - नदी । |
| १६७. आगे हेर्लेसे बिल्गाथ पाछे हेर्लेसे नइ बिल्गाथ । | १६७. अगाडि हेर्दा देखिन्छ, पछाडि हेर्दा देखिन्न । |
| - ऐना । | - ऐना । |
| १६८. उँच पर्वतवामे गुराँस फुलाइल बा । | १६८. अग्लो पहाडमा गुराँस फुलेको । |
| - लाल टिका । | - रातो टिका । |
| १६९. पुछिमे डब्बोते फट्टसे उठथ्, चुट्टसे छोरबो ते थोह्लेले टेकथ । | १६९. पुच्छरमा थिच्दा जुरुक्क उठछे चटक्कै छोडे चुच्चाले टेक्छे । |
| - ढेंकी | - ढिकी |
| १७०.एक सिंघक गोरुवा, बर्का भारी ढिह्न । | १७०. भुँडे गोरुको एउटा सिङ । |
| - चकिया । | - जाँतो । |
| १७१. भुभु करथ भवरा नैहो, चार मुह बतिस् ब्रह्मा नैहो, कानेम जलेवा बतिस् बाभ्ना नैहो । | १७१. भुभु गर्छ भमरा होइन, चार मुख छन् ब्रह्मा होइन, कानमा जनै छ बाहुन होइन । |
| - चर्खा | - चर्खा । |